मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

# पूर्वाञ्चल

Purwanchal National Daily

श्रीअन्नु प्रकाशन (प्रा.)लि.

◆ वर्ष : २४ ◆ अङ्क : २८८ ◆ पृष्ठ ६ ◆ बिर्तामोड ◆ वि.सं. २०७६ भदौ १८ गते बुधबार (Wednesday, September 4. 2019) नेपाल सम्वत् ११३९ Web : www.purwanchaldaily.com ◆ मूल्य रु. : ५/- भारतमा भारु. : ४/-

सूचना

हाम्रो चाहना लागूऔषध रहीत, स्वस्थ र सुखी जीवनको कामना ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रशारण विभाग

# बाह्रदशीको प्राथमिकतामा कृषि

**बिर्तामोड, भदौ १७।** आर्थिक वर्ष २०७५/०७६मा कृषि तथा पशुपालनका लागि एक करोडभन्दा बढी वजेट विनियोजन गरे पनि कार्यान्वयन गर्न नसकेको बाह्रदशी गाउँपालिकाले यो वर्ष भने कृषिलाई प्राथमिकतामा राखेको छ ।

महत्वाकांक्षी योजना बनाउँदै कृषिका क्षेत्रमा रकम खर्च गर्न नसकेको समाचार पूर्वाञ्चल दैनिकले यस अघि नै प्रकाशन गरेको थियो । तर, यस वर्ष बाह्रदशी गाउँपालिकाले कृषि, शिक्षा र पूर्वाधारको विकास- बाह्रदशीको आर्थिक समृद्धिको आधार भन्ने नाराका साथ कृषिलाई प्राथमिकतामा राखेको छ । अघिल्लो आर्थिक वर्ष वाह्रदशीमा शीत भण्डार निर्माण गरिने र दूध चिस्यान केन्द्र निर्माण गर्ने जस्ता महत्वाकांक्षी योजनामा बजेट छुट्याए पनि कृषकका लागि गाउँपालिकाले कुनै लाभदायक योजना सञ्चालन गरेको थिएन ।

पाँचौ गाउँ सभाबाट यस वर्ष गाउँपालिकाले कृषि तथा पशु विकासतर्फ किसानको खुशी कृषि र पशुपालनबाट समृद्धि कार्यक्रम सञ्चालन गर्ने भएको छ । जसका लागि कृषि रणनीति तयार गर्ने भएको छ । मकै उत्पादनको पकेट क्षेत्र भएकाले यसको उत्पादन वृद्धिमा किसानलाई आवश्यक सहयोग गर्ने भएको छ । तरकारी तर्फ पर्वल, करेला, बन्दाकोभी, टमाटर काउली वोडी, वैगुन, आलु तथा फलफूलतर्फ केरा, आँप, लिची र खाद्यान्न तर्फ मकै, धान र गहुँ उत्पादनमा ५०देखि ८० प्रतिशतसम्म अनुदानको व्यवस्था गरेको छ । गाउँपालिका भित्र उपयुक्त ठाउँको छनौट गरी वीऊमा आत्मनिर्भर हुनका लागि बीजवृद्धि कार्यक्रम सञ्चालन गर्नुका साथै सोको लगानीका लागि कूल वीऊमा शतप्रतिशत अनुदान दिइने कार्यक्रम तय गरेको छ ।

गाउँपालिकाले भू-उपयोग नीति निर्माण गरी माटो परीक्षणका आधारमा कृषिको पकेट क्षेत्र निर्धारण गर्ने र सोही अनुसारको व्यवसायिक खेती प्रणालीलाई अवलम्वन गर्ने भएको छ । माटोको उर्वराशक्तिलाई बृद्धि गर्न कृषि चुन र प्राङ्गारिक मलको अधिक प्रयोग गर्नका लागि आवश्यकताको आधारमा कृषि चुन र प्राङ्गारिक मलमा अनुदानको व्यवस्था गर्ने भएको छ । कृषि र पशु विकासका लागि समावेशी तवरले सहभागी गराई समयमा नै कृषक पाठशाला सञ्चालन गर्ने गाउँपालिकाले नीति तथा कार्यक्रममा समावेश गरेको छ ।



कृषि तथा पशु विकाससँग सम्बन्धित कृषकहरुलाई जिल्लाभित्र तथा अन्तरजिल्ला अध्ययन अवलोकनको व्यवस्था मिलाउने, जैविक तथा प्राङ्गारिक खेती र कृषि प्रणालीलाई प्रवर्द्धन गर्न कार्यक्रमहरु सञ्चालन गर्ने भएको छ ।

प्रधानमन्त्री कृषि जोन कार्यक्रम सञ्चालनका लागि संघीय सरकारसँग पहल गर्ने तथा भूमिगत सिञ्चाई, स्यालो ट्यूवेल र डीप वोरिङका लागि प्रदेश सरकार र संघीय सरकारलाई अनुरोध गर्ने भएको छ । युवा लक्षित वेरोजगार युवालाई रोजगारी सृजना गर्न गाउँपालिकाको आफ्नै लगानीमा फर्म (बंगुर, बाख्रा, कुखुरा, राँगा र पन्छी) सञ्चालन गर्ने भएको छ । फर्म सञ्चालनका लागि सञ्चालन कार्यविधि तयार गरी पारदर्शी रुपमा जनप्रतिनिधिको प्रत्यक्ष सुपरिवेक्षणमा सञ्चालन व्यवस्था मिलाउने भएको छ । गाउँपालिकाका आम्दानी बृद्धि एवम् मासुमा भएको परनिर्भरता रोक्न यो कार्यक्रम फलदायी हुने गाउँपालिकाले अपेक्षा गरेको छ । पशु विकासतर्फ आहारा विकास कार्यक्रमलाई निरन्तरता दिँदै पशु पालक किसानलाई पोषणयुक्त विकासे घाँस वितरण भई उत्पादन तथा उत्पादकत्वमा वृद्धि हुने गाउँपालिकाको लक्ष्य छ ।

गोठ सुधारको कार्यक्रमलाई निरन्तरता दिँदै यसमा ६० प्रतिशत सम्म अनुदानको व्यवस्था मिलाउने भएको छ । पशुपन्छीलाई निःशुल्क उपचार सेवा पुर्‍याउनका लागि पशुपालक कृषकको मागको आधारमा वडाहरुमा पशु स्वास्थ्य शिविर सञ्चालन गर्ने भएको छ । गाउँपालिकाले नश्ल सुधार कार्यक्रम अन्तर्गत कृत्रिम गर्भाधान कार्यक्रम सञ्चालनमा निरन्तरता दिई गाई, वाख्रा, भैंसी र सुँगुरमा गर्भाधान गरी उन्नत नश्लका पशुहरु उत्पादन गर्ने भएको छ । त्यस्तै पशुस्वास्थ्य नियमन

*(बाँकी अन्तिम पृष्ठमा)*


## आगलागीबाट क्षति

**ताप्लेजुङ, भदौ १७ ।** ताप्लेजुङको फुङलिङ नगरपालिका-९ बुङकुलुङका मनोज गुरुङको घरमा आगलागी हुँदा करिव ८ लाख बराबरको क्षति भएको छ ।

मंगलवार विहान ११ बजेको समयमा गुरुङको ढुङ्गा माटोले बनेको टिनको छाना भएको एक तले कच्ची भान्सा घरमा अचानक आगलागी हुँदा भान्सा घरमा भएको सम्पूर्ण समान जलेर नष्ट भई उक्त मूल्य बराबरको क्षति भएको हो ।

सो आगलागी विमानस्थल सुरक्षागार्ड सुकेटारबाट खटिएको प्रहरी टोली र स्थानीयवासीहरुको समेत सहयोगमा बिहान साढे ११ बजे नियन्त्रणमा आएको थियो । आगलागीबाट अन्य कुनै मानवीय तथा चौपाया क्षति नभएको जिल्ला प्रहरी कार्यालय ताप्लेजुङले जनाएको छ ।

## रवि उच्च अदालतमा



**चितवन, भदौ १७।** टेलिभिजन प्रस्तोता रवि लामिछाने उच्च अदालत पुगेका छन् ।

चितवन जिल्ला अदालतको फैसला बदर गरिपाउँ भन्दै लामिछाने उच्च अदालतमा पाटन, हेटौंडा इजलासमा पुगेका हुन् । उनले अदालत पुगेर मंगलबार निवेदन दर्ता गरे ।

फौजदारी कार्यविधि संहिता २०७४ को दफा ७३ 'क' बमोजिम साधारण तारेखमा मुद्दा कायम गरिपाउँ भन्दै लामिछानेले निवेदन दर्ता गरेको अदालतका रजिष्ट्रार केशर अर्यालले जानकारी दिए । अर्यालका अनुसार यो निवेदनमाथि बुधबार बहस हुनेछ ।

## सर्पले डसेर किशोरीको मृत्यु

**इलाम, भदौ १७।** विषालु सर्पले डसेर सूर्योदय नगरपालिकाका लक्ष्मीपुरमा एक किशोरीको मृत्यु भएको छ ।

मृत्यु हुनेमा सूर्योदय नगरपालिका-१३की टीका विसुङ्खे रहेकी छन् । सोमवार राति घरमा सुतिरहेको अवस्थामा सर्पले डसेको र उपचारका लागि लैजाने क्रममा झापाको चालआलीमा उनको मृत्यु भएको छिमेकी विष्णु भट्टराईले जानकारी दिए ।

## गाई मरेको घटनाको स्थलगत अध्ययन गरिने

**काठमाडौँ, भदौ १७।** विश्व हिन्दू महासंघ राष्ट्रिय समितिले बाँकेबाट सुर्खेत लैजाने क्रममा गाई मरेको घटनाको स्थलगत अध्ययन गर्न नौ सदस्यीय समिति गठन गरेको छ ।

समितिको विशेष बैठकले यस्तो निर्णय गरेको वरिष्ठ उपाध्यक्ष एवम् प्रवक्ता भरतराज पौडेलले जानकारी दिए । समितिका अध्यक्ष एवम् पूर्वमन्त्री डा. रामचन्द्र अधिकारीको संयोजकत्वमा गठन गरिएको समितिमा हरिबोल भट्टराई, डा. मीठाराम विश्वकर्मा, दिनेशकुमार सिजापति, बाबा योगीराज, मोहन लामा, अर्जुन शिवाकोटी, बद्री भट्टराई र रोहित गौतम सदस्य रहेका छन् ।

अध्ययन समितिलाई एक साताभित्र स्थलगत अध्ययन गरी फर्कने गरी अख्तियारी दिइएको छ । सरकारले उपसचिव सागरमणि पाठकको संयोजकत्वमा गठन गरेको अध्ययन समितिसँग छलफल एवम् सहयोग गर्ने उद्देश्यले वरिष्ठ उपाध्यक्ष पौडेलको संयोजकत्वमा अर्को समिति पनि गठन गरिएको छ ।

समितिमा १००८ स्वामी भागवताचार्य, राष्ट्रिय धर्मसभाका महासचिव पुष्पराज पुरुष, महासङ्घ राष्ट्रिय समितिका उपाध्यक्ष प्रवीण घिमिरे, महासचिव गणेशप्रसाद नेउपाने, सचिव ज्योत्स्ना साउद र सहकोषाध्यक्ष विदुरप्रसाद भण्डारी रहेका छन् । महासंघले सल्लाहकार परिषद्का प्रमुख सल्लाहकार एवम् पूर्व सभामुख तारानाथ रानाभाटको उपस्थितिमा बसेको बैठकले दुवै समिति गठन गरेको हो । सो अवसरमा पूर्व सभामुख रानाभाटले घटनाको वास्तविकता पत्ता लगाउन दुवै समितिले सहकार्य गर्नुपर्नेमा जोड दिएका थिए ।

## रिहा लगत्तै पत्रकार पक्राउ

**काठमाडौं, भदौ १७।** बन्दी प्रत्यक्षीकरण रिटमा सुनुवाइ गर्दै रिहा गर्न आदेश दिए लगत्तै पत्रकार ओम हमाललाई प्रहरीले सर्वोच्च अदालत परिसरबाटै मंगलबार अपरान्ह पक्राउ गरेको छ ।

नेपाल पत्रकार महासंघका केन्द्रीय सदस्य जन्मदेव

*(बाँकी अन्तिम पृष्ठमा)*

## माछा मार्दा आफ्नै ज्यान गयो

**सुनसरी, भदौ १७।** सुनसरीको इटहरी उपमहानगरपालिका-१३का १६ बर्षीय मुकेश सरदारको करेन्ट लागेर मृत्यु भएको छ ।

मंगलार दिउँसो १ बजेको समयमा घर नजिकै रहेको नालीमा करेन्ट लगाई माछा

*(बाँकी अन्तिम पृष्ठमा)*


## प्रोभिडेन्स कलेज अफ म्यानेजमेन्ट बिर्तामोडको विद्यार्थी भर्ना सम्बन्धी सूचना

त्रिभुवन विश्वविद्यालयबाट सम्बन्धन प्राप्त यस प्रोभिडेन्स कलेज अफ म्यानेजमेन्ट बिर्तामोडमा स्नातक तह व्यवस्थापन संकायतर्फ **चार बर्षे वीवीएस प्रथम (4 yrs BBS First Year)** बर्षमा विद्यार्थी भर्ना खुलेको सम्पूर्ण विद्यार्थी तथा अभिभावकहरुमा जानकारी गराउँदछौं ।

**विद्यार्थी भर्ना आवेदन फारम कलेज प्रशासनबाट वितरण भइरहेको छ ।**

सम्पर्कः **प्रोभिडेन्स कलेज अफ म्यानेजमेन्ट**
बिर्तामोड-१, झापा (फोन नं. ०२३-५४०४४३, ५४०१९५)

नेपालीहरुको लागि भरपर्दो सेवा

## निशान्त मोटरसाइकल पार्ट्स एण्ड सर्भिसिङ्ग सेन्टर

Royal Enfield को आधिकारिक बिक्रेता (डिलर) भएकाले Royal Enfield को सम्पूर्ण पार्ट्सहरु १०% छुट गरिएको छ ।



यहाँ जुनसुकै कम्पनीको मोटसाइकल, स्कुटरका सम्पूर्ण पार्ट्स पाउनुका साथै सर्भिसिङ पनि गरिन्छ

**निशान्त मोटसाइकल पार्ट्स एण्ड सर्भिसिङ सेन्टर**
पानीटंकीको पहिलो गल्ली दायाँ साइड
सम्पर्क : निशान्त- ८३७२०७८४५४/८३४८४७३७१७ (इण्डिया), ९८४०१६४४५३ (नेपाल)

## डा. सिद्धार्थ ठाकुर आउने बारेको सूचना

**यही मिति २०७६ साल भदौ २० गते शुक्रवारका दिन वरिष्ठ कन्सल्टेन्ट फिजिसियन डा. सिद्धार्थ ठाकुर काठमाडौंबाट सुश्रुत आयुर्वेद अस्पताल बिर्तामोडमा आउँदै हुनुहुन्छ ।**

**उपचार हुने रोगहरु** : ग्याष्ट्रिक, अल्सर, कोलाइटिस, जण्डिस, हेपाटाइटिस, दम, खोकी, प्रेसर, सुगर, थाइराइड, पत्थरी, मृगौलाको रोग, पिसाव पोल्ने, हातगोडा दुख्ने, झम्झमाउने, जोर्नी दुख्ने, हड्डी खिइएको, नशा च्यापिएको, यौन समस्याहरु, नपूसंकता, बाँझोपन, पुरानो टन्सिल, पिनास, माइग्रेसन, छालाका रोगहरु साथै सम्पूर्ण शारीरिक एवम् मानसिक रोगीहरुले यथाशीघ्र सम्पर्क राख्नुहोला ।

**सुश्रुत आयुर्वेद अस्पताल प्रा.लि.**
काँकरभिट्टारोड बिर्तामोड
बोलबम पेट्रोलपम्पसँगै (०२३-५४१३११, ९८५२६८८९८६)




## राष्ट्रिय वाणिज्य बैंक लिमिटेड

शाखा कार्यालय शिवगञ्जको निम्ति

## घर बहालमा लिने बारेको शिलबन्दी बोलपत्र आह्वानको सूचना

**प्रथमपटक सूचना प्रकाशित मितिः २०७६।०५।१८**

यस बैंकको झापा जिल्ला साबिक शिवगंज गा.बि.स., हाल शिवसताक्षी नगरपालिकामा स्थानान्तरण हुन गइरहेको राष्ट्रिय वाणिज्य बैंक शाखा कार्यालय शिवगंजको लागि घर भाडामा लिनुपर्ने भएको हुँदा शिवगञ्ज बजारबाट २०० मिटर आसपासको, आफ्नै कम्पाउण्डमा पर्याप्त पार्किङ सुबिधा भएको, पानी, बत्ती बिजुली, टेलिफोन सुबिधा भएको कम्तीमा, ४ वटा ट्वाईलेट बाथरुम तथा २०००देखि २५०० स्क्वायरफिट क्षेत्रफल भएको, ATM, Generator को लागि छुट्टै स्थान उपलब्ध भएको, भूकम्प प्रतिरोधी, सम्भव भएसम्म कार्यालयका सम्पूर्ण कक्षहरु एकै तला अट्ने भवन भाडामा लिनुपर्ने भएकोले सम्वन्धित सवैको लागि यो सूचना प्रकाशित गरिएको छ । तपशीलमा उल्लेखित शर्त बमोजिम घरभाडामा दिन इच्छुक घरधनीले बैंकले उपलब्ध गराएको बोलपत्र फारममा माग भए अनुसारको आबश्यक विवरण भरी यो सूचना प्रथमपटक प्रकाशित भएको मितिले १५ दिनभित्र, सो दिन बिदा परेमा बिदा पछिको कार्यालय खुलेको दिनको कार्यालय समयभित्र शिलबन्दी बोलपत्र पेश गर्न सकिने व्यहोरा सूचित गरिन्छ ।

**तपशील**

**शर्तहरु**

१) यस बैंकको आम्दानी हिसाव अन्य (९५९९००००) मा बोलपत्र दस्तुर रु. ५००।- अक्षरेपी पाँच सय मात्र (पछि फिर्ता नहुने गरी) जम्मा गरी सोको सक्कल अर्धकट्टी भौचर पेश गरे पछि शाखा कार्यालय शिवगञ्जबाट बोलपत्र फाराम प्राप्त गर्न सकिनेछ ।
२) बोलपत्र फाराम पेश गर्दा खामको बाहिर शाखाको नामसहित घरबहालमा दिने बारेको शिलबन्दी बोलपत्र भनी स्पष्ट उल्लेख गर्नुपर्नेछ ।
३) बोलपत्र साथ पेश गर्नू पर्ने निम्न कागजातहरु सरकारी बैंकका अधिकृत, सरकारी संघ-सस्था वा नेपाल सरकारका अधिकृत कर्मचारीबाट प्रमाणित गराई सम्लग्न गर्नुपर्ने छ ।
क) घरधनीको नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि ।
ख) बहालमा दिन चाहेको घरको सम्बन्धित निकायमा स्वीकृत नक्सापास, लालपूर्जा र मालपोत तिरेको रसिदको प्रमाणित प्रतिलिपि ।
४) बोलपत्रमा दिन चाहेको भाडा रकम अंक र अक्षरमा प्रष्टसंग लेख्नुपर्नेछ, केरमेट भएको हुनुहुदैन । कथमकदाचित अंक र अक्षर फरक पर्न गएमा अक्षरलाई मान्यता दिइनेछ । कुनै शर्त राखेको वा दररेट अधूरो रहेको बोलपत्र स्वतः रद्द हुनेछ ।
५) यस सूचना बमोजिम पेश हुन आएका शिलबन्दी बोलपत्रहरु पेश गर्न तोकिएको म्याद समाप्त भएको भोलिपल्ट नियमानुसारका प्रतिनिधिहरुको रोहबरमा शिलबन्दी बोलपत्र खोलिने छ । बोलपत्रदाता वा निजका प्रतिनिधि उपस्थित नभएमा पनि बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन ।
६) तोकिएको म्याद नाघी वा रित नपुगी आएका बोलपत्र उपर कुनै कारबाही हुने छैन ।
७) घटी वा बढी रकमको बोलपत्र स्वीकृत गर्ने, अस्वीकृत गर्ने वा आंशिक रुपमा स्वीकृत गर्ने आदि सम्पूर्ण अधिकार यस बैंकमा सुरक्षित रहने छ । साथै सोको कारण प्रकाशनमा ल्याउन बैंक बाध्य हुने छैन ।
८) बोलपत्र स्वीकृत भएपछि सम्बन्धित घर धनीले बैंकको आवश्यकता अनुसारको आबश्यक तोडफोड निर्माण गर्ने काम र घरको बीमा स्वयम्ले गर्नुपर्ने छ । सोको लागि थप रकम उपलब्ध गराइने छैन ।
९) घरबहाल रकम भुक्तानी दिँदा नियमानुसारको घरबहाल कर अग्रिम रुपमा कटाई बाँकी रकम मत्र घरधनीलाई भुक्तानी दिइनेछ ।
१०) अन्य शर्तहरु करारनामामा उल्लेख भए बमोजिम हुनेछ ।
११) बोलपत्र दस्तुर बुझाउने, बोलपत्र फाराम खरिद गर्ने र बोलपत्र पेशगर्ने शाखा शिवगञ्ज कायम गरिएको छ ।

**राष्ट्रिय वाणिज्य बैंक लिमिटेड**
शाखा कार्यालय, शिवगञ्ज
फोन नं ०२३-४११०१३, ९८५२६७६४२०

# तीजमा ब्रत बसेकी श्रीमतीको हत्या, नाच्ने क्रममा कुटाकुट हुँदा एकको मृत्यु

**झापा, भदौ १७।** रुकुम पश्चिमका एक व्यक्तिले श्रीमतीको हत्या गरेका छन्।

मुसिकोट नगरपालिका वडा नं. ३ गोगनपानी टोलका २७ वर्षीय नवीन खड्काले २५ वर्षीया श्रीमती कमला बुढाथोकी खड्काको सोमबार राति धारिलो खुर्पा प्रहार गरी हत्या गरेको जिल्ला प्रहरी कार्यालयले जनाएको छ।

अत्यधिक मदिरा सेवन गरेका नवीनले सोमबार तीजका दिन बेलुकी ८:०० बजेको समयमा श्रीमती कमलाको हत्या गरेको प्रहरी नायब उपरीक्षक सुमित खड्काले जानकारी दिए।

श्रीमतीको हत्या गरी फरार रहेका नवीनलाई मंगलबार बिहान २:१५ बजेको समयमा घर नजिकैको जंगलमा लुकेर बसेको अवस्थामा पक्राउ गरिएको प्रहरी नायब उपरीक्षक खड्काले जानकारी दिए। नवीनसँगै श्रीमतीलाई प्रहार गरेको खुर्पा पनि बरामद गरिएको छ। हत्याको कारण भने खुलिनसकेको प्रहरीले जनाएको छ। घटनाका बारेमा थप अनुसन्धान भइरहेको प्रहरीको भनाइ छ।

यसैबीच तीजमा नाच्ने क्रममा दुई समूहबीच कुटाकुट हुँदा एक जनाको मृत्यु भएको छ।

अछामको ढकारी गाउँपालिका वडा २मा सोमबार दिउँसो तीजमा नाच्ने क्रममा स्थानीय दुई युवा समूहकाबीचमा झडप भएको थियो। त्यस क्रममा एक जनाको मृत्यु भएको प्रहरीले जनाएको छ।

झडपमा ढकारी-२का लोकेन्द्रबहादुर शाहीको मृत्यु भएको हो। सोमबार दिउँसो ३ बजे तीज कार्यक्रममा सोही वडा बस्ने ३९ वर्षीय लोकेन्द्र शाही, २८ बर्षीय राजेश शाही, ३९ वर्षीय विन्द्र शाही र २६ बर्षीय तपेन्द्र बहादुर शाहीबीच एकापसमा विवाद भई झगडा भएको प्रहरीले जनाएको छ। कुटपिट गर्ने व्यक्ति फरार रहेको र उनीहरुको खोजी कार्य भइरहेको अछाम प्रहरीले जनाएको छ।

# एउटै रुखमा सँगै झुण्डिए दुई जना

**झापा, भदौ १७।** खोटाङका एक महिला र पुरुषले मंगलवार बिहान काठमाडौं -८ गौशालास्थित भण्डारखालको जङ्गलमा झुण्डिएर आत्महत्या गरेका छन्।

खोटाङको दित्तेल रुपाकोट मझुवागढी-१० घर भई काठमाडौंको बाँसबारी बस्दै आएका ४० वर्षीय जय गिरी र खोटाङको टेम्मा गाउँ बस्ने ३३ वर्षीया उमिता दमाई मंगलवार बिहानसँगै रुखमा झुण्डिएको अवस्थामा फेला परेको महानगरीय प्रहरी वृत्त गौशालाका प्रहरी निरीक्षक खेम राउतले जानकारी दिए।

स्थानीयवासीले दिएको सूचनाका आधारमा घटनास्थल पुग्दा उनीहरु झुण्डिएको अवस्थामा मृत फेला परेको प्रहरीले जनाएको छ। उनीहरु दुवै जना खोटाङ कारागार बसेर निस्किएको बताइएको छ। बाँसबारीमा परिवारसँगै बस्दै आएका गिरी मजदुरी गर्दथे। गिरी सोमबार बेलुका पशुपति घुम्न जान्छु भनेर निस्किएको बताइएको छ।

खोटाङ बस्दै आएकी दमाई काठमाडौं आएको कारण भने खुलेको छैन। उनी काठमाडौंमा दिदी-भिनाजु कहाँ बसेको पाइएको प्रहरीले जनाएको छ।

# इलाममा आधुनिक अस्पताल

**इलाम, भदौ १७।** इलाममा विशेषज्ञ सेवासहितको आधुनिक अस्पताल सञ्चालनको तयारी गरिएको छ।

एक मात्र सरकारी जिल्ला अस्पताल रहेको इलाममा निजी क्षेत्रबाट अस्पताल सञ्चालनको तयारी गरिएको हो। युवा व्यवसायी प्रकाश चापागाईंको पहलमा सञ्चालन हुने अस्पतालबाट विशेषज्ञ सेवासहित आइसीयुलगायत अत्यावश्यक सेवा प्रदान गर्ने बताइएको छ।

यस विषयमा सरोकारवालासँग छलफल गरी दर्ताका लागि पहल शुरु भएको उनले बताए। चापागाईंसहित केही चिकित्सकसहितको टोलीले केही समय अघि निजी क्षेत्रबाट अस्पताल सञ्चालनका लागि पहल गर्दै आएको थियो। चापागाईंका अनुसार कूल लागतको ६० प्रतिशत चिकित्सकबाट र अन्य ४० प्रतिशत लगानी स्थानीयवासीबाट गरिने छ। 'इलाम एपोलो हस्पिटल एण्ड ट्रमा सेन्टर'का नामबाट सञ्चालन गरिने उक्त अस्पताल आगामी फागुन महीनाबाट शुरु गरिने बताइएको छ।

अस्पताल सञ्चालनका लागि जिल्ला समन्वय समितिको निर्माणाधीन भवन भाडामा लिने बताइएको छ। प्रबन्ध सञ्चालक चापागाईंले स्थानीयवासीलाई लगानी गर्न समेत आग्रह गरे। जिल्ला अस्पतालमा सामान्यभन्दा सामान्य उपचारमा पनि समस्या हुँदै आएको छ। सामान्य ज्वरो आउँदा पनि झापा र भारतका विभिन्न क्षेत्रमा उपचारमा जानुपर्ने बाध्यता हट्ने भन्दै स्थानीयवासीले पनि सहयोग गर्ने इच्छा व्यक्त गरेका छन्।

जिल्ला अस्पतालमा दरबन्दी अनुसारका चिकित्सक नबस्ने, बसे पनि अत्याधुनिक सेवा नभएकाले जिल्लावासीलाई समस्या भएको छ। सदरमुकाममा रहेको एक मात्र सामुदायिक अस्पताल पनि बन्द भएपछि समस्या उत्पन्न भएको हो। राम्रो र गुणस्तरीय सेवा दिनसके यहाँ खुल्ने अस्पतालमा पाँचथर, ताप्लेजुङ, तेह्रथुमलगायतका स्थानबाट समेत बिरामी आउने बताइएको छ।

# झापामै शुरू भयो लाहा प्रशोधन

**भद्रपुर, भदौ १७।** झापाको गौरादहमा सुनका गहना बनाउन प्रयोग हुने, फर्निचरको प्राकृतिक रङ उजिल्याउने र शिलबन्दी कार्यमा प्रयोग हुने लाहा (चप्रा) प्रशोधन कारखाना सञ्चालन गरिएको छ।



भारतको पश्चिम बङ्गालमा सात वर्ष लाहा कारखानामा काम गरेका गौरादह नगरपालिका-२ का ५४ वर्षीय डम्बर विकले स्वदेशमै लाहा प्रशोधन गर्ने उद्देश्यले गत वैशाखमा रु. २० लाखको निजी लगानीमा 'निर्मल चप्रा उद्योग' स्थापना गरेका हुन्।

उद्योगबाट हाल दैनिक ४० केजी प्रशोधित चप्रा उत्पादन हुन थालेको र बजारको माग धान्न कठिन भएको उद्योगी विकले बताए। कच्चापदार्थको लाहा प्रशोधन गरिसकेपछि चप्रा अर्थात् काठ रंगाउने प्राकृतिक रसायन उत्पादन हुन्छ। डिभिजन वन कार्यालयका प्रमुख विष्णुलाल घिमिरेले उक्त उद्योग मुलुककै पहिलो भएको बताए। नेपालमा चप्रा आयातमा वर्षेनि करोडौं रकम विदेशिने गरेकोमा अब स्वदेशमै सानो अंशमा भए पनि उत्पादन शुरु हुनु खुशीको विषय भएको उनको भनाइ थियो।

उक्त कार्यालयले प्रशोधनमा प्रयोग हुने अत्याधुनिक उपकरण खरीदका लागि रु. चार लाख अनुदान दिएको छ। शुरुमा हाते सिपबाटै लाहाको प्रशोधन गर्दै आएकोमा अब उपकरणको प्रयोग भएपछि गुणस्तर समेत बढ्ने उद्योगी विकले बताए।

उनका अनुसार रुखमा किराबाट उत्पादन हुने कच्चा लाहा सङ्कलन गरी चप्रा बनाउनुपर्ने हुँदा झापामा लाहा खेतीका लागि किसान र सामुदायिक वनलाई प्रोत्साहित गर्न आवश्यक छ। अहिलेसम्म धनकुटा, भोजपुर र तेह्रथुमबाट विकले लाहा खरिद गरेर ल्याउने गरेका छन्।

भारतको पश्चिम बङ्गालको उद्योगमा काम गर्दा नेपाल तिर चप्रा बिक्री हुन थालेको देखेपछि स्वदेशमै उद्योगको सम्भावना देखेर आफूले उद्योग खोलेको विकले बताए। उनको चप्रा उद्योगमा दैनिक पाँच व्यक्तिले रोजगारी पाएका छन्। स्थानीय किसानलाई सिरिस, बयर, खयर र मौवा जातका बिरुवा लगाउन र त्यसमा लाहाखेती गर्न आग्रह गरेको उनको भनाइ छ। स्थानीय किसानले लाहाखेती गर्ने सोचले उपयुक्त जातका बिरुवा खेतबारीमा रोप्न थालिसकेका छन्।

'धेरै जमीन चाहिन्न'- डिभिजन वन कार्यालय झापाका प्रमुख घिमिरे भन्छन्- 'आफ्नो खेतबारीको दुईचार कट्ठा जमिनमा खयर, बयर, बडर, सिरिस जातका बिरुवा हुर्काएर लाहाखेती गर्ने हो भने उद्योग वरपरका किसानले मनग्ये आम्दानी पाउनुहुनेछ।'

शुरुमा रुखको हाँगामा बीऊ लाहा राखेपछि किराहरुको कारण त्यो आफैं फस्टाएर बढ्ने गर्छ। बैशाखमा लगाएको लाहा कात्तिक महिनामा संकलनयोग्य हुने उद्योगी विकको भनाइ छ। एकपटक रुखमा लगाएको लाहा खेतीबाट वर्षौंसम्म आम्दानी लिन सकिने उनले बताए।

झापाको काँकरभिट्टादेखि मोरङको बेलबारीसम्मका फर्चिनर उद्योगले गौरादहमा उत्पादित चप्रा प्रयोग गर्न थालिसकेका छन्। कच्चापदार्थ अभावमा माग धान्नेगरी चप्राको उत्पादन गर्न नसकिएको उनको भनाइ छ।

नेपालमा फर्चिनर उद्योग नै चप्राको मुख्य प्रयोगकर्ता हुन्। लाहालाई सुनको गहना उत्पादन र सिलबन्दी कार्यमा प्रयोग गरिन्छ। निर्वाचनका बेला शिलबन्दीका लागि भारी मात्रामा लाहाको प्रयोग हुने गरेको छ। भारतबाट महङ्गो मूल्यमा यसको आयात हुँदै आएको छ।

भारतको दिल्लीबाट भारु दुई हजार २०० प्रतिकेजीका दरले चप्रा आयात गर्दै आएको बताउनुहुने विर्तामोडस्थित खगेन्द्र काष्ठ उद्योगका सञ्चालक खगेन्द्र खरेलले स्वदेशमै गुणस्तरीय चप्रा उत्पादन भएमा यसकै लागि वर्षेनी करोडौं रुपैयाँ विदेश जाने क्रम रोकिने बताउँछन्। गौरादहमा उत्पादित चप्रा प्रतिकेजी रु. एक हजारमा बिक्री हुने गरेको छ।

# गणेश मन्दिरद्वारा सम्मान

**अर्जुनधारा, भदौ १७।** गणेश चतुर्थीको अवसरमा मंगलबार झापाको अर्जुनधारा-७स्थित गणेश मन्दिर सेवा समितिले संस्थापक सदस्य र दाताहरुलाई सम्मान गरेको छ।

समितिका अध्यक्ष नारायण कटुवाल 'दीपेन्द्र' को अध्यक्षता र पूर्व अध्यक्ष भूवनेश्वर शिवाकोटीको प्रमुख आतिथ्यमा आयोजित कार्यक्रममा उनीहरुलाई सम्मान गरिएको थियो।

यसरी सम्मानित हुनेहरुमा संस्थापक सदस्यहरु टेकबहादुर राई, धनबहादुर कार्की (कुमार), धनबहादुर राई र ध्यानबहादुर राई, दाताहरु अजय चौधरी, टीकाराम डाँगी र तारा रञ्जितकार रहेका छन्। त्यसैगरी मन्दिर स्थापना गर्न योगदान पुऱ्याएका पूर्णप्रसाद सिटौला र वीरेन्द्र लामालाई मरणोपरान्त सम्मानित गरिएको थियो।

कार्यक्रममा नगर कार्यपालिका सदस्य रमेश त्रिखत्री, नगर सभा सदस्य ऐतराज नेम्वाङ (सन्तोष), जीवननाथ गिरी, दिलबहादुर खड्का, पूर्णिमा सिटौला, लोकबहादुर मगरलगायतको आतिथ्य रहेको थियो।

समितिकी उपाध्यक्ष मुना बाँस्कोटाले स्वागत गरेको कार्यक्रमको सञ्चालन संस्थापक सदस्य टेकबहादुर राईले गरेका थिए। कार्यक्रम अघि भगवान गणेशको विधिपूर्वक पूजा गरेको समितिले साँझ भजन प्रस्तुत गरेको समितिका अध्यक्ष कटुवालले बताए।

# तास खेल्ने ११ पक्राउ

**झापा, भदौ १७।** मधुवन नगरपालिका-६ बस्ने दिलप्रसाद मिश्रको घरमा जुवातास खेलिरहेको अवस्थामा ११ जनालाई पक्राउ गरिएको छ।

पक्राउ पर्नेमा सोही ठाउँ बस्ने ४५ वर्षीय दुर्घबहादुर सुनारसहित ११ जना रहेका छन्। उनीहरु साथबाट नगद ४६ हजार २ सय २७ रुपैयाँ र २ बुङ ताससहित प्रहरीले पक्राउ गरेको हो। उनीहरुबाट थप अनुसन्धान शुरु गरिएको प्रहरीले जनाएको छ।

# अन्तर्राष्ट्रिय झापाली समाजको अधिवेशन बिर्तामोडमा

**रामप्रसाद ढुंगेल**

**झापा, भदौ १७।** झापाको सामाजिक, शैक्षिक लगायत समग्र विकासमा प्रवासी झापालीहरुले योगदान गर्ने उद्देश्य लिएर स्थापना भएको अन्तर्राष्ट्रिय झापाली समाजको दोस्रो अन्तर्राष्ट्रिय सम्मेलन झापामा हुने भएको छ।

आगामी असोज २५ र २६ गते झापाको विर्तामोडमा आयोजना हुन गइरहेको अन्तर्राष्ट्रिय झापाली समाजको दोस्रो अन्तर्राष्ट्रिय सम्मेलन भव्य रूपमा सफल पार्न देशबिदेशमा रहेका सम्पूर्ण झापाली दाजुभाइ, दिदीबहिनी, साथीभाइ तथा शुभचिन्तकहरूहरूलाई उपस्थितिका लागि अनुरोध गर्दै एक विज्ञप्तिमार्फत जानकारी गराइएको छ।

दुई वर्ष अगाडि झापाको बिर्तामोडमै पहिलो अधिवेशन सम्पन्न भएको थियो। उक्त अधिवेशनले झापा सुरुङ्गा स्थायी घर भई अस्ट्रेलियामा व्यवसाय गरिरहेका सामाजिक अभियन्ता दिनेश पोखरेलको अध्यक्षतामा विश्वका १८ देशमा रहेका झापाली प्रतिनिधि सम्मिलित समिति गठन गरेको थियो।

उक्त समितिले झापाको कमल गाउँपालिका-१मा बाढी पीडितहरुका लागि ९ वटा घर निर्माण गर्ने घोषणा गरेको थियो। घर निर्माण समितिका सदस्य भरत शिवाकोटीका अनुसार नमूना वस्तीको ८५ प्रतिशत कार्य सम्पन्न भइसकेको छ।

**झापालीका गफै ठूला**

वैदेशिक रोजगारी, अध्ययन, व्यवसायका लागि विभिन्न मुलुक पुगेका झापालीहरुको सामाजिक संस्था भए पनि एनआरएनए जस्तै गफ ठूला गर्ने, अधिवेशनका नाममा धेरै खर्च गर्ने, बिकासका लागि भन्दै करोड-करोडका योजना सार्वजनिक गर्ने तर काम सुस्त गतिमा गर्ने, गरेका वाचाहरु पनि वेवास्ता गर्नेहरुको समूह अन्तर्राष्ट्रिय झापाली समाज बन्न लागेको यस समाजलाई नजिकबाट बुझ्नेहरुले प्रतिक्रिया दिएका छन्।

### रिहा ...

जैसीका अनुसार हमाललाई सर्वोच्चको गेट बाहिरबाट प्रहरीले पुनः पक्राउ गरेको हो। हमाललाई न्यायाधीश प्रकाशमान सिंह राउतको एकल इजलासले रिहा गर्न आदेश दिएको थियो। जैसीले सर्वोच्चको आदेश लत्याएर प्रहरीले हमाललाई पक्राउ गरेकोमा आपत्ति जनाएका छन्।

यसअघि गतभदौ ६ गते पक्राउ परेका पत्रकार हमाललाई सर्वोच्चको आदेशमा उपस्थित गराइएको थियो। सर्वोच्च अदालतका न्यायाधीश राउतको एकल इजालसले पत्रकार हमाललाई पक्राउ गर्नुको कारणसहित ३ दिनभित्र अदालतमा उपस्थित हुन आदेश दिएको थियो।

### माछा मार्दा ...

मार्ने क्रममा करेन्ट लागेर घाइते भएका सरदारलाई उपचारको लागि नोवेल अस्पताल बिराटनगर लैजाने क्रममा बाटोमा नै मृत्यु भएको जिल्ला प्रहरी कार्यालय सुनसरीले जनाएको छ।

### बाह्रदशीको...

कार्यक्रम अन्तर्गत पशुजन्य उत्पादन, वितरण र भण्डारनमा सम्लग्न कृषक समूह, समिति र पशु व्यवसायीहरुसँग अन्तरक्रिया सञ्चालन गर्नुका सथै पशु स्वास्थ्य उपचार सेवा र जैविक सुरक्षा अपनाई पशुहरुमा लाग्ने रोगहरुको जोखिम न्यूनीकरण गर्न विशेष कार्यक्रम सञ्चालन गर्ने भएको छ।

गाउँपालिकाले कृषि तथा पशुका लागि भन्दै एक करोड ६० लाख रुपैयाँ बजेट विनियोजना गरेको छ। जसमा प्रत्येक वडामा मल बीऊबिजनका लागि मूल पूँजी अनुदानका लागि ३४ लाख, कृषिमा आकर्षणको अनुदान कार्यक्रम जस्तै पानी तान्ने मेसिन ५ एचपी सहभागिताका लागि ३ लाख मोटर, २ एचपी सहभागिता ४० प्रतिशतका लागि ३ लाख वोरिङ पाइप, ४ एचपीका लागि २ लाख रुपैयाँ गरी ८ लाख रुपैयाँ बजेट बिनियोजना गरेको छ।

कागती खेतीमा कृषकलाई सहभागी गराउन एक कृषकलाई ५०देखि एक सय बिरुवा वितरण गर्ने भएको छ। जसका लागि एक हजार बिरुवा खरिद गर्न एक लाख रुपैयाँ बजेट बिनियोजन गरेको छ।

आलु, प्याज, लसुन, वेसार, अदुवा खुर्सानी, उत्पादन गर्न प्रतिकठ्ठा एक हजार ५ सय एक कृषकले कम्तीमा पाँच कठ्ठा र बढीमा दश कठ्ठासम्म लगाउन सक्ने र त्यसका लागि गाउँपालिकाले ४ लाख ५० हजार रुपैयाँ बजेट खर्च गर्ने लगायतका कार्यक्रमलाई प्राथमिकतामा राखेको छ।


## कर्मचारी तु-आवश्यकता

झापाको अर्जुनधारा-७मा सञ्चालन हुन लागेको लंका रिसोर्टका लागि निम्न अनुसारका कर्मचारीहरु आवश्यक परेको हुँदा इच्छुक तथा अनुभवी व्यक्तिले यही भदौ २४ गतेसम्ममा तु-सम्पर्क गर्नुहोला।



**सेफः** १ जना | **कुकः** २ जना
**कुक हेल्परः** २ जना | **बार टेण्डरः** १ जना
**वेटरः** ३ जना | **वेट्रेसः** ३ जना
**म्यानेजरः** १ जना | **क्यामेरा पर्सनः** १ जना

तलबः आपसी समझदारीमा। ***सम्पर्कः*** ९८५२६७२६०२/९८१६०३४०५२

**लंका रिसोर्ट, अर्जुनधारा-७, झापा**



## कर्मचारी आवश्यकता

१) पञ्चकन्या हुँदै बाल्मीकि, मुक्तिचोक, कृषिथोक, शनिश्चरेरोड, मातामन्दिर, पुष्पलाल चोकसम्म पत्रिका वितरण गर्ने कर्मचारी चाहिएकोले इच्छुकले तु-सम्पर्क गर्नुहोला। (**तलबः ७०००+ बोनस गरेर १०,०००|-सम्म बचाउन आफ्नै मोटरसाइकल भएको हुनुपर्नेछ।**) **काम गर्ने समय बिहान ९ बजेसम्म।**

२) लक्ष्मीपुरबाट दुर्गापुर, सिमसार, कालीमुडा हुँदै चम्पापुरसम्म पत्रिका वितरण गर्ने कर्मचारी चाहिएकोले इच्छुकले तु-सम्पर्क गर्नुहोला। **तलबः ५०००+बोनस् गरेर ८,००० सम्म बचाउने, आफ्नै साइकल भएको हुनुपर्नेछ।**

नोटः ५ लाख बराबरको दुर्घटना बीमा गरिनेछ।

**मो. ९८०१४०४०००, ९८१६६४१५७६**



## कुक र वेटर चाहियो

बिर्तामोड मेची आँखा अस्पतालभित्र रहेको **सूर्योदय खाजा घर**का लागि कुकमेन १ जना र वेटर २ जना आवश्यक परेकोले तु-सम्पर्क गर्नुहोला।

**सम्पर्कः ९८०६०२७८९८**



## सस्तोमा भिटा विक्रीमा

**बिर्तामोड-१ देवी पञ्चकन्या प्लटिङमा १ कठ्ठा भिटा सस्तोमा अर्जेन्ट विक्रीमा छ। २० फुटे बाटो। ४० फुट मुख। ९२ फुट लम्बाई। वरिपरि प्लम उठाइएको। लोकेशन : (देवी पञ्चकन्या प्लटिङको आइलेण्ड (गोलाई)बाट थोरै उत्तर पश्चिम। अर्थात् मोहनमाया स्कूल उत्तरको पार्टी प्यालेसबाट थोरै उत्तर पूर्व) उच्च ठाउँ र शान्त वातावरण भएकाले घर आवासका लागि अति उत्तम। मूल्यः एकमुष्ट ५० लाख। तत्काल पास गर्नेले सम्पर्क गर्नुहोला।**

**मो. ९८२३७२६९७९**



## बिर्ता (सेफ्टी तथा ढल सफाई)

**बिर्तामोड, झापा**

(पहाडी क्षेत्रमा पनि यो सेवा उपलब्ध छ।)

पूर्वाञ्चलमै सबैभन्दा ठूलो भ्याकुम सिस्टमबाट सफाइ गरिन्छ।



भूपाल बुढाथोकी
023-545402
9825952677
9825952680

सेफ्टी तथा ढल सफाई गर्नु परेमा हामीलाई सम्झनुहोस्।



## निःशुल्क जग्गा उपलब्ध गराउने सम्बन्धी रोङ गाउँपालिकाको सूचना

नेपाल सरकारको "एक स्थानीय तहः एक १५ शैय्याको अस्पताल" कार्यक्रम अन्तर्गत अस्पताल भवन निर्माण गर्ने प्रयोजनको लागि यस रोङ गाउँपालिकाको ५ नं. वडा (इरौंटार) क्षेत्रमा निम्नलिखित मापदण्ड पूरा भएको जग्गा निःशुल्क उपलब्ध गराउन इच्छुक महानुभावहरुको लागि यो सूचना प्रकाशित गरिएको छ। सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र जग्गाधनी प्रमाणपूर्जा र नेपाली नागरिकताको प्रमाण-पत्रसहित यस गाउँपालिकामा निवेदन पेश गर्न हुन यसै सूचनाद्वारा जानकारी गराइन्छ।

**निम्न :-**

(क) क्षेत्रफल न्यूनतम २० (बीस) रोपनी हुनुपर्ने। (ख) कित्ता/प्लट मिलेको हुनुपर्ने।
(ग) भौतिक संरचना निर्माण गर्न उपयुक्त, समथर भू-भाग हुनुपर्ने।
(घ) गाउँपालिकास्तरीय मूल सडकले छोएको, विजुली र पानीको सुविधा भएको हुनुपर्ने।
(ङ) अन्य सरकारी कार्यालयहरुसँग आसपास हुनुपर्ने।

**डिकप्रसाद दाहालः प्रमुख प्रशासकीय अधिकृत**
**रोङ गाउँपालिका इलाम**



**गावो विश्वस्य मातरः**

## श्री भद्रपुर गौशाला, भद्रपुर, झापा (नेपाल)को प्रेस विज्ञप्ति

नेपालगञ्ज उपमहानगरपालिकाले नगरभित्रका छाडा गाईहरुलाई डाँडा कटाउने बहानामा निर्दोष गाईहरु ट्रकमा खाँदेर २४ थान भीरबाट खसाली हत्या गरेको र सयौंलाई सुर्खेतको कटकुवा र सयौंलाई दैलेखको श्रीस्थानमा लगेर मरणासन्न अवस्थामा छोडेको जघन्य अपराधिक कार्यप्रति भद्रपुर गौशाला झापाको गम्भीर ध्यानाकर्षण भएको छ। यसले मुलुककै ८५प्रतिशत हिन्दूधर्मीको आत्मामा गहिरो बज्रपात भएको छ। हिन्दूहरुको आस्था र विश्वास गौमातामा जोडिएको छ। गाईलाई हिन्दूहरु अति नै पवित्र र आराध्यको स्थानमा राख्दछन्। हाम्रा नीति, धर्म, शास्त्रहरुले यिनै कुरालाई निर्दिष्ट र पुष्टि गर्दछन्।

**गावो मे अग्रतहः सन्तु गावो मे सन्तु पृष्ठतः।**
**गावो मे हृदयासन्तु गवाँ मध्ये वसाम्यहम।। - श्री कृष्ण**

हाम्रा कथा पुराणहरु अनुसार देवताहरुले समेत यसरी गौमाताको स्तुति गरेका छन्।

**त्वम् माता सर्वदेवानाम त्वम्च यज्ञस्य कारणम। त्वम् तीर्थ सर्वतिर्थानाम नमस्तेस्तु सदानघे।।**

हाम्रो धर्मले गाईलाई कति उच्च स्थानमा कति पवित्र रुपमा मानेको छ भन्ने कुरा यसरी पुष्टि हुन्छ।

**नमों ब्रम्हण्य देवाय गोब्राम्हण हितायच। जगद्धिताय कृष्णाय गोविन्दाय नमो नमः।।**

**अनि -**

**गावो मामुपतिष्ठन्तु हेम संस्य पयोमख। सुरभ्य सौरभ्ये यश्च सरित सागर यथा।।**

हाम्रो धर्म संस्कार परम्परादेखिको हामीले आफ्नो प्राणभन्दा प्यारो मानेको गोवंशको यति निर्दयाका साथ हत्या गर्ने, दुःखकष्ट दिएर खाना पिना नदिई तडपाई-तडपाई हत्या गर्ने विधर्मीहरु चाहे जो होस् ती कायरहरुको भद्रपुर गौशाला घोर भर्त्सना गर्दछ। जिम्मेवार निकायले गौको संरक्षण, पालन पोषण गर्नु गराउनुपर्नेमा यस्तो कल्पना नै गर्न नसक्ने घटना गराउनु कहाँसम्मको गैरजिम्मेवारीपना हो?

गाईलाई नेपालको संविधान २०७२ले राष्ट्रिय जनावरको रुपमा स्वीकार गरेको हुँदा हत्यालाई कानूनले दण्डनीय गरेको परिपेक्षमा किन अपराधीले एक पछि अर्को उन्मुक्ति पाइरहन्छ?

अतः संविधान, कानूनभन्दा माथि कोही नहुने हुँदा गौ हत्या जस्तो गम्भीर अपराध गराउनेलाई कानूनको दायरामा ल्याई कार्वाही गर्न नेपाल सरकारसँग भद्रपुर गौशाला जोडदार माग गर्दछ।

**नमो गोभ्य श्रीमतीभ्य सौरभेयम्येवच। नवो ब्रम्हसुताभ्यश्च पवित्राभ्यो नमो नमः।। अस्तु**

**श्री भद्रपुर गौशाला परिवार**का तर्फबाट

**सत्यनारायण तायलः सचिव** **राजेन्द्र चापागाईः अध्यक्ष**



## होटल तालिममा भर्ना खुल्यो

सिप सिकौं.....आत्मनिर्भर बनौं | तीन महिने होटल तालिममा भर्ना खुलेको सहर्ष जानकारी गराउँदछौं |

तालिम- वारटेन्डर, वेटर, फ्रन्ट अफिस, कुक

नोटः यहाँ कुनै पनि कार्यक्रम गर्नको लागि हल तथा क्याटरिङको पनि सुविधा छ।



कक्टेल/मक्टेलमा २०% छुट

**हाम्रा विशेषताहरु :**

१) शतप्रतिशत प्राक्टिकल गराइने।
२) दक्ष नहुञ्जेल तालिम दिइरहने।
३) दक्ष सेफद्वारा तालिम दिइने।
४) विदेश जानेहरुका लागि स्पेशन कोर्ष गराइने।
५) तालिम पछि अन्तर्राष्ट्रिय प्रमाणपत्र दिइने।
६) तालिम पछि रोजगारको अवसर दिइने।

सिट सिमित छ। आजै सम्पर्क गर्नुहोला।

**होटल मुन टावर इन**

शनिश्चरे रोड, बिर्तामोड (झापा) फोनः ०२३- ५४१७१५, ९८०४९०३०९५


श्रीअन्तु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित - कार्यालय : बिर्तामोड-१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टोरूप प्रसाई, ■ व्यवस्थापक : चन्द्रकान्त ढकाल (९८४४६४२०९५/ ९८१७९९०२९९) ■ प्रकाशन सहयोगी : भानुप्रसाद शिवाकोटी ■ सम्पादक : एकराज गिरी
■ उप सम्पादक : तुलसीप्रसाद निरौला ■ सह-सम्पादक : सुरेन्द्र भण्डारी ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा : सोमनाथ भण्डारी ■ कार्यकारी व्यवस्थापक : होमप्रकाश अधिकारी (९८४२६३४७४०) ■ बजार व्यवस्थापक : लीला आचार्य (९८१४०१८५७१) ■ प्राविधिक : बद्री महतारा
■ प्रेसेसिङ : गोपाल मण्डल ■ बजार प्रतिनिधिः गोपाल अधिकारी-९८०७९१०२२२/सञ्जय श्रेष्ठ ९८०६०३३१५३ ■ कम्प्युटर : रुपा मुखिया/ सन्तोष अधिकारी (कार्यालय फोन : ०२३-५४१००२/प्रशासन/विज्ञापन : ०२३-५४००४४) Email: purwanchal2052@gmail.com /purwanchal@ntc.net.np

पूर्वाञ्चल

सम्पादकीय

# भद्रपुरले कान्छो हनुहुँदैन

भद्रपुर झापाको जेठो नगरपालिका हो । देश संघीतामा रुपान्तरित भएपछि भद्रपुरको भूगोल बढेको पनि छ । तत्कालीन गाविसहरुलाई समेत भद्रपुर नगरपालिकामा समाहित गरेका कारण यहाँको जनसंख्या पनि बढेको छ । यस अर्थमा भद्रपुर नगरपालिका भूगोल, जनसंख्या र प्रशासनिक क्षेत्रका दृष्टिले समेत पुरानो स्वरुपमा छैन । त्यसकारण पनि यहाँको सेवा, सुविधा र स्थानीयबासीले पाउनुपर्ने अवसरहरुमा नगरपालिकाको विशेष भूमिका रहनुपर्दछ । जनताका दैन्दिनीसँग जोडिएका सेवा वा वस्तु उनीहरुको पहुँचसम्म पुऱ्याउन नगरपालिका त्यसका पदाधिकारी तथा जनप्रतिनिधिहरुले जिम्मेवारपूर्ण भूमिका निर्वाह गर्नुपर्दछ ।

तत्कालको चन्द्रगढी, महेशपुर र पृथ्वीनगर गाविसका केही क्षेत्रलाई जोडेर संरचना गरिएको भद्रपुर भौतिक विकासको इतिहासमा जिल्लाको अग्रणी मानिन्थ्यो । तर, अहिले प्रविधिको उच्च प्रयोग र पहुँच भइसक्दा पनि ऊ जिल्लाकै पछौटे नगरपालिकामा दरिन थालेको त्यहाँ उपलब्ध सेवा, सुविधा र भौतिक अवस्थाले प्रमाणित गरेको छ । सीमा नदीको रुपमा रहेको 'मेची' ले भारत र नेपाललाई छुट्याएको छ भने यही नदीले दुई देशको माटो, जीवन र बासिन्दालाई जोडेको पनि छ । धर्न, संस्कार, संस्कृति र बोलीचालीका आधारमा अविभाज्य जस्तै बनाएको छ । सीमा क्षेत्रका बासिन्दा नदीमाथि पक्की पुल बनिएपछि अरु उत्साही भएका थिए । दशकौंदेखिको सपना पूरा भएकोमा खुशी भएका त्यहाँका बासिनदा सडक सहज र अपेक्षित नभएका कारण पीडामुक्त भने हुन पाएका छैनन् ।

यही समय मानव जातिका लागि अत्यावश्यक रहेको दाहसंस्कार कर्मका लागि व्यवस्थित स्थल नहुँदा भद्रपुरबासीले कष्ट भोग्नुपरेको समाचार आएको छ । पछि विकास भएको बिर्तामोडदेखि कन्काईसम्मका र पश्चिममा दमकसम्मका नागरिकले मृत्युसंस्कारको कार्य अर्थात् अन्त्येष्टि कन्काई नदीको किनारमा गर्ने गरेका छन् । त्यहाँ शवयात्रामा सहभागी हुनेहरुलाई सुविधा पुग्ने हिसाबले विश्रामालय, खाजाघर पनि बनाइएका छन् । घाम–पानीबाट ओत लाग्न बनाइएको घाट वरिपरि बिरुवा रोपिएका छन् । त्यसका लागि आवश्यक पर्ने काठ–दाउरा पनि सुलभ छ । यसले परिवारको निधनमा भएको पीडामा थोरै भए पनि सहयोग पुगेको छ, तर जेठो नगर क्षेत्रका बासिन्दालाई यस्तो सेवासुविधा दिने तर्फ न त्यहाँका अगुवाहरुले न त स्थानीय सरकारले चासो र चिन्ता देखाएका छन् ।

सुरक्षित घाट नहुँदा चर्को घाममा मलामीले व्यहोनुपर्ने कष्ट एउटा छ भने अर्को अत्यधिक गर्मीका कारण ज्यान गुमाउनु परेको पीडा पनि छ त्यहाँका बासिन्दालाई । त्यसबाहेक कति मलामीहरु गर्मीकै कारण बेहोस हुने गरेको घटना पनि आँखामै छ भद्रपुरबासीको । संघीय संरचना अनुसार बनेको स्थानीय सरकारले आधा उमेर काटी सक्यो । भद्रपुरकै बासिन्दा सरकारका प्रमुखदेखि वडा प्रतिनिधिसम्म छन् । कति नगरसभा, बैठक सम्पन्न गरिसकेको छ कार्यपालिका भएर । तर, शवदाह गृह तथा त्यसको व्यवस्थापन उनीहरुको प्राथमिकतामा नपर्नु बासिन्दाको दुर्भाग्य नै हुनसक्छ । जन्मदिन मृत्युपर्यन्तका चरणहरु मध्येको अत्यन्त बढी संवेदनायुक्त समय नृत्य र मृत्युपछिका संस्कार हुन् । त्यसैले यसलाई सरल, सहज र व्यवस्थित गर्न नगरपालिका जिम्मेवार भएर लाग्नु पर्दछ । पहिले निर्माण थालेको विश्रामालयलाई सम्पन्न गरी स्थायी घाट निर्माण गर्न अग्रसरता देखाउँदै सुविधायुक्त चितास्थलको व्यवस्थापन गर्न नगरपालिका र जनप्रतिनिधिले अघि लाग्नु पर्दछ ।

सामाजिक सञ्जाल



पत्रकार बन्न निश्चित योग्यता र मापदण्ड चाहिने कुरा सही र उपयुक्त हो । तर, राज्यका निकायहरुमा तीव्र राजनीतिकरण हुँदै गर्दा योग्यता, दक्षता, क्षमता र विशेषज्ञता कुण्ठित हुने सम्भावना रहन्छ । हाम्रा निकायहरु जबसम्म स्वच्छ, पारदर्शी र विश्वसनीय हुँदैनन् तबसम्म सन्देह रहिरहनेछ, हतार नगरौं ।

**– मोहन श्रेष्ठ**

हाम्रा बैंक वार्षिक चार अर्ब रुपैयाँसम्म मुनाफा गर्छन्, सिइओ करोडमा तलबभत्ता बुझ्छन् । तर, प्रविधि प्रयोग गरेर एटिएम ह्याक गर्न सकिने कस्तो सुरक्षा व्यवस्था हो ? हलिवुड वा बलिउड फिल्ममा देखिने प्रविधि र संगठित गिरोह लाग्ने हो भने हाम्रा बैंकको हालत के हुँदो हो ?

**– लेखनाथ पाण्डे**

# गल्ती गर्ने : पछुताउने



**चिन्तामणि दाहाल**

**शीर्षकको पुष्टयाईं :**

नेपाली समाजमा उखान छ- पहिले गल्ती गरिस् अहिले पछुताएर के हुन्छ ? अर्थात् गल्ती गर्नेपछि पछुताउने । पहिले नसोच्ने, सनकका भरमा वा लहरमा दौडने, लहडमा हिँड्ने, जमिनी यथार्थतालाई नपत्याउने, अरुले फुक्र्याएको भरमा काम गर्ने, विश्लेषण नगर्ने, विश्लेषक वा सुझाव दिनेलाई शत्रु ठान्ने अनि आफ्नो फाइदा थाह नपाउने, अरुको फाइदालाई आफ्नै भनेर ठान्ने अनि जब यी सबै कुरा गलत रहेछन् भनेर पछि बुझेपछि पछुताउने चरित्रलाई एक अर्थमा नेपाली चरित्र पनि भनिन्छ ।

भनिन्छ, नेपालीहरुको बुद्धि... पछाडि हुन्छ । यही पछाडि बुद्धि भएपछि पहिला गल्ती हुन्छ । जब थाह पाइन्छ, तब पछुताउनु बाहेक अरु विकल्प पाउन मुश्किल हुन्छ ।

**मिल्दो अवस्था :**

गल्ती गर्ने अनि पछुताउने चरित्र भएको राजनीतिक वस्तु अहिलेको नेपाली कांग्रेस भएको छ । नेपाली कांग्रेसले इतिहासमा धेरै राम्रा काम गरेको छ । जहानियाँ निरंकुश शासनको पञ्जाबाट नेपाली जनतालाई निकाल्ने कामदेखि नेपाली जनतालाई खुल्ला समाजमा विचरण गर्ने अवसर पनि कांग्रेसकै आन्दोलनका कारण सम्भव भयो ।

हरण भइसकेको बहुदलीय प्रजातन्त्रको पुनर्स्थापनादेखि ज्ञानेन्द्रको बन्दुक र माओवादीको बन्दुकको बीचमा बसेर लोकतान्त्रिक गणतन्त्र ल्याउने नेतृत्व पनि कांग्रेसले नै गरेको छ । तर, यी सबै उपलब्धिपूर्ण काम गर्दा गर्दै पनि उसले गरेको महान गल्ती भने एउटै भयोः त्यो हो नेपाललाई हिन्दू राष्ट्र बनाउनुको बदला धर्मनिरपेक्ष घोषणा गर्नु र गराउन पूर्ण समर्थन गर्नु ।

यही गल्तीप्रति अहिले कांग्रेसीहरुले पछुतो गर्न थालेका छन् । धर्म निरपेक्ष घोषणा भएको सुरुका केही बर्ष कांग्रेसकै एक प्रभावशाली नेता खुमबहादुर खड्काले नेपाललाई हिन्दू राष्ट्र बनाउनुपर्छ भनी ठूलै कसरत गरे । उनी जीवन पर्यन्त त्यस सिद्धान्तमा अटल रहे । तर पार लागेन ।

त्यसपछि कांग्रेसको महामन्त्रीमा निर्वाचित भएका डा.शशांक कोइरालाले अधिकांश जनता हिन्दू भएको देशलाई हिन्दू राष्ट्र घोषणा गर्नुपर्छ भनेर देशभरीकै आफ्नो कार्यक्रममा भनिरहेका छन् । उनको यस भनाईले भर्खर कांग्रेसको बैठकमा अनौपचारिक प्रवेश पाएको छ ।



कांग्रेसका केही सदस्यहरुले अहिले जारी बैठकमा छलफलका लागि हिन्दू राष्ट्रको कुरा उठाएका छन् । उनीहरुले अब कांग्रेसले आगामी महाधिवेशनमा हिन्दू राष्ट्रको प्रस्ताव पारित गरेर अघि बढ्नुपर्छ भन्न थालेका छन् ।

कांग्रेसभित्र उठेको यस्तो छलफललाई मुलुकभरका र मुलुक बाहिरका नेपाली हिन्दूहरु र अन्य हिन्दूहरुले पनि खुशी साथ समर्थन गरेका छन् । पहिले कांग्रेसले गल्ती गर्दा देश धर्म निरपेक्ष भएको ठान्नेहरुको ठूलै जमात नेपालभित्र र बाहिर पनि छ । त्यसै पनि नेपालमा ८० प्रतिशतभन्दा बढी हिन्दू र ओमकार परिवारभित्र पर्नेहरु छन् । यी सबै जोड्दा हिन्दू राष्ट्रको पक्षमा रहनेको संख्या ९० प्रतिशतको हाराहारीमा पुग्छ ।

यस्तो प्रचण्ड बहुमत भएको विषयलाई सहजै पन्छाएर कसरी नेपालको संविधानमा धर्म निरपेक्ष लेखियो भन्ने कुरामा ठूलो षडयन्त्र छ । यो षडयन्त्रको शिकार अरु पार्टीका कसरी भए थाहा भएन । तर, कांग्रेस जस्तो अनुभवी नेताहरु भएको पार्टीका नेताहरु कसरी धर्म निरपेक्षका पक्षमा गए भन्ने कुरा रहस्य नै रहेको छ । किन नेपाली कांग्रेसले हिन्दू राष्ट्रको विषयलाई जनमत संग्रहमा लानु पर्छ भनेन ।

कतै हिन्दू राष्ट्रलाई अघि बढाउँदा राजतन्त्र अघि आउँछ भनेर त बारम्बार काँधमा बोकेकै राजाहरुबाट पीडित भएका कांग्रेसका नेताहरु सशंकित त भएका होइनन् । यस कुराले कांग्रेसहरु डराएर हिन्दू राष्ट्रलाई समर्थन नगरेको हुन सक्ने प्रबल सम्भावना छ ।

**गल्ती सुध्रेला ?**

गल्तीलाई सुधार्नै नसकिने होइन । सुधार्न सकिन्छ । तर, सहज छैन । कांग्रेसको मन भने फराकिलो हुनुपर्छ । राजतन्त्र पुनर्स्थापना गर्ने कुरा भने कांग्रेसका लागि सह्य छैन । तर, हिन्दू राष्ट्र बनाउन जनमत संग्रहमा जानुपर्छ भन्ने एजेण्डा बोकेर कांग्रेस जान सक्छ र जानुपर्छ ।

पहिले गल्ती गरेर अहिले पछुताउन शुरु गरेको कांग्रेस एक्लैले मात्रै यो एजेण्डालाई अघि बढाएर पार लाग्ने अवस्था छैन । किनकि हिन्दू राष्ट्र हुनुपर्छ भन्ने पक्षमा अहिलेको नेकपाका केही नेता र थुप्रै समर्थक छन् । राप्रपा र राप्रपा संयुक्तको त एउटा एजेण्डा नै हिन्दू राष्ट्र हो । कांग्रेसका अधिकांश सदस्य र थुप्रै समर्थक हिन्दू राष्ट्रका पक्षमा छन् । राजपाका, संघीय समाजवादीका र अन्य केही दलहरुका समेत हिन्दू राष्ट्रका पक्षमा छन् ।

यी सबै अवस्था विश्लेषण गर्दा यदि कांग्रेसले महाधिवेशनबाट हिन्दू राष्ट्रको एजेण्डा पारित गरेर अरुलाई यो एजेण्डामा गोलबद्ध गर्ने हो भने सरकारलाई जनमत संग्रह घोषणा गर्न कर लाग्छ । जनमत संग्रहमा सहजै हिन्दू पक्षले विजय प्राप्त गर्छ । तब यही एजेण्डाका आधारमा आगामी आम निर्वाचनमा नेपाली कांग्रेस गठबन्धनले बहुमत पाउँछ । नत्र कांग्रेसको एजेण्डा नै छैन । नेकपा असफल भयो भन्ने एजेण्डाले कांग्रेस अघि आउँछ भन्ने होइन । अरु नयाँ दलअघि आउन सक्छन् । आम निर्वाचन एजेण्डाविहिन भएर जितिँदैन । न एक्लैले जितिन्छ ।

जनमत संग्रहमा हिन्दू राष्ट्रको पक्ष विजयी भएपछि त्यसै आधारमा संविधानमा संशोधन गरी नेपाल हिन्दू राष्ट्र हुनेछ । त्यसको अर्थ अरु धर्माबलम्बीहरुले दुःख पाउँछन् भन्ने होइन । नेपाल पूर्ण धार्मिक स्वतन्त्रता भएको हिन्दू राष्ट्र हुनेछ, हुनुपर्छ । यस कामलाई भारतको सत्ताधारी दल भाजपाले खुशीसाथ समर्थन गर्छ । नेपाललाई समस्या पर्दैन । यसै पनि चिनले नेपाली जनताको अभिमतलाई पहिलेदेखि नै बिना प्रश्न समर्थन गर्दै आएको छ । केही असन्तुष्ट हुने भनेका युरोपेली युनियनका राष्ट्रहरु हुन् । उनीहरुले चलाएका केही आइ.एन.जि.ओ.हरुले केही समय हंगामा गराउन सक्छन् । तर, उनीहरुको यस्तो कुत्सित प्रयास सफल हुँदैन । पछुताएर मात्र हुँदैन । पछुताएपछि त्यसलाई सुधारेर अघि जाने डायनामिक नेतृत्व पनि अघि आउनुपर्छ ।

# उपभोक्ता मारमा : स्थानीय सरकार कता ?




**राजबाबु शंकर**

उपभोक्ता अधिकारका बावजुद दिनहूँ उपभोक्ताहरु झन्-झन् ठगिने क्रमको निरन्तरता अर्को आतंक बनेर जनजीवनमा त्रासदी थपिरहेको आजको नांगो यथार्थ हो।

यसै पनि बजार अनुगमन प्रायशः झारा टार्ने किसिमबाट हुँदै आएको छ । ठाउँकाठाउँ दोषी पाइँदा समेत केवल नसीहत दिएर आइन्दा त्यस्तो ठगी नगर्ने फोस्रो प्रतिबद्धताकै भरमा ठग-कालाबजारी व्यापारी/उद्योगीहरूलाई छुट दिइने अनुगमने चाला घोर आलोच्य एवम् भर्त्सनायोग्य छँदैछ । यसो हुँदा अनुगमन नामे मौसमी झाराटराइ केका लागि र कसका लागि भन्ने नै ऊहापोहजन्य बनेको छ ।

यति हुँदाहुँदै पनि अक्सर चाडपर्व नजिकिएताका बजार अनुगमनको माग जोडतोडका उठ्ने गरेको पाइन्छ । सरकारी मूडका भरमा बेला-बेलामा चलाइने यो अनुगमन एउटा हौवा नै पनि बनिसकेको छ । यस्तो हौवा वर्षको तीन पटकसम्म चाहिँ चलाइने गरेको छ । अनुगमनकर्ताको एउटा मुख्य हिस्सा रहने स्थानीय निकाय नै खासगरी स्थानीय शहर-बजारमा आवधिक रूपमा नियमित हुनैपर्ने यस्तो अनुगमनमा उदासीन रहेको पाइन्छ ।

पहिला-पहिला जिल्ला प्रशासनको अगुवाइमा हुने गरेको अनुगमनको अहिले आएर पहिलो जिम्मेवार सरोकारी निकाय स्थानीय तह भए पनि तिनले आफ्ना नगर/गाउँ क्षेत्रका ठग व्यापारीहरूलाई 'गरिखान' छोडिदिए झैं गरिरहेका छन् । यसमा जिल्लाका अनेक नामधारी 'उपभोक्ता हित' अथवा अधिकारका लागि स्थापित भनिएका कथित उपभोक्तावादी ब्यानरवाला संस्थाहरू पनि यस्तो बजार-अराजकताका रमिते मात्रै बनिरहेका छन् ! तिनको अस्तित्व छ वा छैन' त्यो पनि अन्योलकै गर्तमा छ । एवम् प्रकारले बजार अनुगमन कुनै अर्थमा प्रभावकारी हुन सकेको छैन ।



त्यसो त नाराबाजी र भाषणमा फलाक्ने गरिन्छ- जनताको घरदैलोको सरकार अर्थात् स्थानीय सरकार । तर, ठाडो आरोप के हो भने- सो स्थानीय सरकार स्थानीय जनताकै दैनिक अत्यावश्यक सरोकारका विषयहरूमा हाई काडेर बस्छ ! बजार अनुगमनका लागि उसको चासो र तदारुकता दुबै नभए बराबर छ । के यही हो- स्थानीय सरकार र उसको काम यस्तै ल्याङफ्याङे हुन्छ ? कम्तीमा अहिलेसम्म तत्जनित सुधारात्मक गति र मति देखिएको छैन ।

संविधानले नै 'प्रत्येक उपभोक्तालाई गुणस्तरीय वस्तु तथा सेवा प्राप्त गर्ने हक हुनेछ । गुणस्तरहीन वस्तु वा सेवाबाट क्षति पुगेको व्यक्तिलाई कानून बमोजिम क्षतिपूर्ति पाउने हक हुनेछ' भनेर नागरिकको उपभोक्ता अधिकारलाई सुनिश्चित गरेको र ऐन पनि बनिसकेको भए पनि सरकार आफैं कार्यान्वयन गर्न जाँगर चलाउँदैन । बढ्दो जनसंख्यासँगै बढ्ने माग र आपूर्तिका बीच चलखेल गर्ने बिचौलियाहरूले नै गुणस्तरीयतामा खेलाँची गरेर जनतालाई रकममा मात्र ठग्दैनन्, सर्वसाधारण उपभोक्ता वर्गको स्वास्थ्यमा समेत दखल पुऱ्याउँछन् । तर, उपभोक्ता अधिकारका बावजुद दिनहूँ उपभोक्ताहरू झन्-झन् ठगिने क्रमको निरन्तरता अर्को आतंक बनेर जनजीवनमा त्रासदी थपिरहेको आजको नांगो यथार्थ हो ।

हाल देशभित्रै उत्पादन गरिएका वा पैठारी गरेर ल्याइएका अधिकांश खाद्यवस्तुमा रासायनिक विषादिको प्रयोग भयानक छ । हाम्रा दैनिक उपभोग्य सागसब्जी, दाल, तेल, चामल र फलफूलादिमा विषादिको अवशेषमात्रा अखाद्यस्तरमा पाइने गरेको सरकारी आंकडा र पहलहरूले नै सिद्ध गरिरहेका हुन् । तर, पनि त्यस्ता ज्यानमारा उत्पादनहरूको खुलेआम व्यापारलाई रोक्ने हिम्मत नराख्ने जुनसुकै तहका सरकारले उल्टै तिनलाई सहज बनाइरहेको नै ठहर हुन्छ । यसका लागि खासगरी स्थानीय तहहरु नै प्राथमिक रूपमा आधिकारिक गम्भीर र संवेदनशील बन्न अत्यावश्यक छ भने यसतर्फ प्रदेश र संघीय सरकार दबाबमूलक हुनु पनि उत्तिकै जरुरी छ ।

# झापा स्पोर्ट्स् अवार्ड असोजमा



**बिर्तामोड, भदौ १७।** नेपाल खेलकुद पत्रकार मञ्च (एनएसजेएफ) समन्वय शाखा झापाको आयोजनामा 'झापा स्पोर्ट्स् अवार्ड'को तेस्रो संस्करणको तयारी गरिएको छ ।

संस्थाले आगामी असोज १३ गते अवार्ड वितरण गरिने पत्रकार सम्मेलन गरी जानकारी दिएको हो । 'झापा स्पोर्ट्स् अवार्ड २०७५' लाई सफल बनाउन मञ्चका झापा अध्यक्ष हिमाल खरेल संयोजक तथा कार्यसमिति सचिव अर्जुन राजवंशी सदस्य सचिव रहेको ५९ सदस्यीय 'मूल आयोजक समिति' गठन गरिएको छ ।

त्यस्तै, मूल आयोजक समिति मातहत रहने गरी मञ्चका साधारण सदस्य बुद्ध तामाङ संयोजक, सचितानन्द सुब्बा सहसंयोजक, आर्थिक, प्राविधिक, स्वागत तथा सत्कार र स्वयम्सेवक उपसमितिका संयोजकहरु सदस्य रहनेगरी 'अवार्ड संयोजन तथा प्रतिभा छनोट समिति' गठन गरिएको छ ।

त्यस्तै स्पोर्टस् अवार्डका लागि मञ्चका कोषाध्यक्ष राजु पौडेलको संयोजकत्वमा सल्लाहकारहरु इन्द्रजीत मुखिया, रमेश समदर्शी राई, तीर्थ सिग्देल, कुमार भट्टराई, विशाल नेम्वाङ, साधारण सदस्यद्वय केशव भट्टराई र प्रेम आचार्य सदस्य रहनेगरी 'आर्थिक उपसमिति' गठन गरिएको छ ।

त्यस्तै, मञ्चका कार्यसमिति सदस्य कमल पाण्डे (विनोद) संयोजक तथा कार्यसमिति सदस्यहरु आयुष निरौला, तिलक योञ्जन, भारती राई, विष्णु श्रेष्ठ, साधारण सदस्यद्वय सौरभ मुखिया र एकराज प्रधान सदस्य रहने गरी 'प्राविधिक उपसमिति' गठन गरिएको छ ।

त्यस्तै मञ्चकी सहसचिव भूमिका सुब्बा संयोजक तथा कार्यसमिति सदस्य प्रकाश बानियाँ, साधारण सदस्यहरु रोहित काफ्ले, पुष्प बराल र सुनिरा मैनाली सदस्य रहने गरी 'स्वागत, अतिथि सत्कार तथा सांस्कृतिक उपसमिति' गठन गरिएको छ । मञ्चका उपाध्यक्ष अमित खम्बू संयोजक तथा मञ्चका साधारण सदस्यहरु विनोद सापकोटा, नन्दलाल खतिवडा र आर्यन खरेल सदस्य रहनेगरी 'स्वयम्सेवक उपसमिति' गठन गरिएको छ ।

पूर्व फुटबलर स्वर्गीय आशिषविक्रम नेम्वाङको स्मृतिमा पछिल्लो दुई वर्षदेखि एनएसजेएफ झापाले आयोजना गर्दै आएको अवार्ड कार्यक्रममा वर्ष खेलाडी (पुरुष)लाई एक थान मोटरसाइकल, वर्ष खेलाडी (महिला)लाई एक थान स्कुटर, वर्ष खेलाडी (युवा) लाई नगद २५ हजार, उत्कृष्ट वर्ष प्रशिक्षकलाई नगद २५ हजार, पिपुल्स च्वाइज अन्तर्गत एक खेलाडीलाई नगद २५ हजार र लाइफ टाइम्स अचिभमेन्ट अवार्डस्वरुप एकजनालाई नगद ३५ हजार रुपैयाँ प्रदान गर्दै आएको छ ।

अवार्डमा २०७५ सालमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतियोगितामा पदक प्राप्त साविक मेची अञ्चलका झापा, इलाम, पाँचथर र ताप्लेजुङ जिल्लाका खेलाडी र प्रशिक्षकलाई सहभागी गराइने र खेलाडी र प्रशिक्षकको मनोनयन सूची यही भदौ २९ गते सार्वजनिक गरिने मञ्चले जनाएको छ ।

दोस्रो स्पोर्टस् अवार्डमा समाजसेवी तथा झापा ११ एफसीका अध्यक्ष जलकुमार गुरुङले एकथान मोटरसाइकल र एकथान स्कुटर प्रदान गरेका थिए । त्यस्तै, सहारा नेपाल साकोसले मुख्य सहयोग गरेको थियो भने झापाका अन्य संघ-संस्थाले विशेष सहयोग गरेका थिए ।

# विद्यालयमा 'जङ्कफुड' प्रतिबन्ध



**झापा, भदौ १७।** बाह्य तरकारीलाई प्रतिबन्ध गर्दै आन्तरिक उत्पादनमा जोड दिने सोलुखुम्बुको महाकुलुङ गाउँपालिकाको योजनाप्रति स्थानीयबासी सकरात्मक देखिएका छन् ।

गाउँपालिकाले स्थानीय उत्पादनलाई जोड दिने योजना बनाएसँगै यहाँका स्थानीयबासीले समेत अनुशरण गरेका हुन् । सोही गाउँपालिका वडा नं. ४ र ५ का स्थानीयबासीले विद्यालय क्षेत्रभित्र 'जङ्कफुड'लाई प्रतिबन्ध गर्ने स्वःस्फूर्त निर्णय गरेको शिक्षक तारा कुलुङले जानकारी दिइन् । सरोकारवालाले भेलाको आयोजना गरी जङ्कफुड प्रयोग नगर्ने निर्णय गरेका हुन् ।

'विद्यालय क्षेत्रभित्र तयारी खानेकुरामा प्रतिबन्ध लगाइने भएको छ'-कुलुङले भनिन्- 'स्थानीय उत्पादनलाई प्रोत्साहन गर्दै अर्ग्यानिक खानेकुरालाई प्रवर्द्धन गर्न हामी एकमत भएका हौं ।' वडाका महिला जनप्रतिनिधि, आमा समूह र महिला स्वाथ्य स्वयम्सेविकाको उपस्थिति रहेको भेलाले गरेको निर्णय महत्वपूर्ण भएको स्थानीयबासीको भनाइ छ । बजारमा पाइने तयारी खानेकुराले स्वास्थ्यमा असर पार्ने बुझेपछि स्थानीय उत्पादनलाई जोड दिइने स्थानीयबासी बताउँछन् ।

विभिन्न परियोजनाले अर्ग्यानिक खानेकुरा सम्बन्धी चेतनामूलक कार्यक्रम सञ्चालनको प्रभावले पनि विद्यालयमा जङ्कफुड प्रयोग नगर्ने निर्णयमा पुग्न सहज भएको महिला स्वास्थ्य स्वयम्सेविका रमिता कुलुङले बताइन् । बालबालिकाको स्वास्थ्यमा नकरात्मक असर पार्न सक्ने भन्दै तत्कालैदेखि वडा नं ४ मा रहेको गुदेल माध्यमिक विद्यालयमा तयारी खानेकुरा माथि प्रतिबन्ध लगाइएको कुलुङको भनाइ छ । उनका अनुसार यो अभियानलाई सबैतिर लागू गरिनेछ ।

जङ्कफुडको विकल्पसहित बार अनुसारको विद्यार्थीलाई खाजा समेत निर्धारण गरिएको छ । निर्णयानुसार विद्यार्थीका लागि आइतबार भुटेको भात, सोमबार आलु, मङ्गलबार भुटेको मकै, बुधबार गहुँको रोटी, बिहीबार कोदोको हलुवा र शुक्रबार आलु-पिँडालु लगायत कन्दमुल खाजाका रुपमा प्रयोग गर्नुपर्नेछ ।

गाउँपालिका क्षेत्र कृषिमा आत्मनिर्भर बन्नका लागि सम्भाव्यता अध्ययन भइरहेको गाउँपालिकाका अध्यक्ष सागर किरातीले जानकारी दिए । किरातीले भने- 'कुन क्षेत्रमा कुन समयमा आत्मनिर्भर बन्न सक्छौँ, सोही अनुसार बाह्य आयतलाई हामी रोक्दै जान्छौँ ।' सोही गाउँपालिकाभित्र काम गर्ने गैरसरकारी संस्था जिफाउण्डेशनसँगको सहकार्यमा गाउँपालिकाले विभिन्न योजना निर्माण गरी समृद्ध गाउँपालिका निर्माणको अभियानलाई अगाडि बढाउने योजना बनाएको बताइएको छ ।

जिल्लाको निकै दुर्गम मानिने उक्त गाउँपालिकामा साविक तीन गाविस मिलाएर पाँच वडा कायम गरिएको छ । मकालु बरुण राष्ट्रिय निकुञ्ज क्षेत्रले समेत छोएको सो गाउँपालिका कृषिसँगै पर्यटनमा समेत उत्तिकै सम्भावना बोकेको छ ।

त्यस क्षेत्रमा विशेषगरी अलैंची, किबी, चिराइतो लगायतको खेती गर्न सकिन्छ भने यसैलाई जोडेर पर्यटन प्रवर्द्धनको सम्भावना भएको पर्यटन व्यवसायी लिकराम कुलुङले बताए । 'यस गाउँपालिकाभित्र पाँचपोखरी, साल्पापोखरीलगायतका धार्मिक मान्यतासहितको तालतलैयासहित हिमालसमेत छ' -उनले भने- 'गाउँपालिकाभित्रको हिमाल, ताल, जडीबुटी र कृषिलाई व्यवस्थित बनाउने हो भने अरु केही गर्नुपर्दैन ।'

# खोलाले बगाएर बेपत्ता



**ओखलढुङ्गा, भदौ १७।** सिद्धिचरण नगरपालिका-४का रुम्जाटारका ३७ वर्षीय सानोकाजी ठटाल खोलाले बगाएर बेपत्ता भएका छन् ।

गाई पुऱ्याउन चिसंखुगढी गाउँपालिका-८मा हिँडेका ठटाललाई ठोट्ने खोला तर्ने क्रममा खोलाले बगाउँदा उनी बेपत्ता भएका हुन्। खोलाले बगाएको गाई घटनास्थलभन्दा करिब १०० मिटर तल सकुशल फेला परेको छ । ठटाल अझै फेला पार्न नसकिएको जिल्ला प्रहरी कार्यालय ओखलढुङ्गाका प्रहरी निरीक्षक राजीब श्रेष्ठले जानकारी दिए ।

बेपत्ता ठटालको विमानस्थल सुरक्षा गार्ड रुम्जाटारबाट गएको प्रहरीको टोली र स्थानीयले खोजतलास गरिरहेको प्रहरीले जनाएको छ ।


## राजगढमा चलिरहेछन् यी चलचित्रहरु

नयाँ रिलिज चलचित्रहरु

पहिलो शो ९:३० बजे SAAHO (हिन्दी)
दोस्रो शो १२:०० बजे मारुनी (नेपाली)
तेस्रो शो २:१५ बजे SAAHO (हिन्दी)
चौथो शो ५:३० बजे SAAHO (हिन्दी)
पाँचौ शो ८:०० बजे SAAHO (हिन्दी)

एभरेस्ट डिजिटल सिनेमा हल, राजगढ, झापा

टिकट अग्रिम बुकिङको लागि सम्पर्क नं. मो. ९८१७९५९७१०

## पाथीभरा सिने प्लाजा बिर्तामोडमा चलिरहेछ

(हल ए) नेपाली सिनेमा
SAAHO
पहिलो शो ११:४५
दोस्रो शो २:४५
नाइट शो ७:००

(हल बी) नेपाली तथा हिन्दी सिनेमाहरु
पहिलो शो ११:४५ मारुनी
दोस्रो शो २:४५ मारुनी
तेस्रो शो ७:०० SAAHO

www.pathivaracineplaza.com
बुकिङ्ग गरेको टिकट आधाघण्टा पछि स्वतः क्यान्सिल हुनेछ ।
फोन नं. ०२३-५४६४३६

## झापाको बिर्तामोडदेखि इलामको रविसम्मको दैनिक आरामदायी यात्राको लागि हामीलाई सम्झनुहोस् ।

दानावारी, महमाई, लारुम्वा, रविसम्म गाडी छुट्ने समयः
बिहान : ७:३० , ८ :३० , ९ :१५ , १० :१५ , ११ :१५ , १२ :१५ ,
बेलुका : ०२:१५ दानाबारीसम्म । ०२:४५ सानो वर्दुसम्म ।
बिर्तामोडबाट रविसम्म जाने गाडी नम्बरहरु :
मे १ ज ५६४, मे १ ज १७९९, मे १ ज ५४६, मे १ ज ६२५, मे १ ज ३०७
काउण्टर इन्चार्ज सम्पर्क नम्वरहरु :
बिर्तामोडबाट दानावारी : ९८४२६२३१५२ सीताराम आचार्य (काका)
बिर्तामोडबाट रवि : ९८१५९९०३४४ वीरेन्द्र राई

## वर्गीकृत विज्ञापन

### साझा सेफ्टी ट्याङ्की तथा ढल सरसफाई

झापामै पहिलोपटक भ्याकुम सिष्टमको ठूलो र सस्तो ढल तथा सेफ्टी ट्याङ्की सरसफाईको लागि हामीलाई सम्झनुहोस् ।

सम्पर्कः ९८१४९९३७१२, ९८६२६४८२८२ ९८४२६७७८५५, ९८२४९८११७४

### सेफ्टी ट्याङ्की तथा ढल सफाई

अत्याधुनिक ट्र्वो (Trabo) प्रविधि सिस्टमको ठूलो ट्याकीबाट सस्तोमा दुगर्न्धरहित हजुरहरुको सेफ्टी ट्यांकी सरसफाई गर्नु परेमा हामीलाई सम्झनुहोस् ।
'चट्ट फोट झट्ट सेवा'

सम्पर्कः ०२३-५५०६२० ९८४२६५५७००, ९८०४९३८१००, ९८०७९३०७४०, ९८१७९२९३९४

### कर्मचारी आवश्यकता

Science Teacher: 1, Class 5 (Male)
क्लिनर : ४ जना (महिला/पुरुष)
वेटर क्याप्टेन : १ जना
रुम ब्वाई : ४ जना
कुक : ८ जना वेटर : ६ जना
घरमा काम गर्ने : २ जना महिला
(यसको मासिक तलब १०,००० भन्दा माथि)

नेपाल जब्स केयर सर्भिस प्रा.लि.
अतिथि सदनको पश्चिमपट्टी जेसीज भवन पछाडि, फोन : ०२३-५४६६८३
मो.: ९८२५९८७९००

### आवश्यकता

एक जना अनुभवी सिटीरिक्सा मेकानिक तु-आवश्यक भएको हुँदा सम्पर्क गर्नुहोला ।
सम्पर्क
मेचीनगर-६, काँकरभिट्टा, झापा
फोन नं. : ९८४४६९६००१ ९८१७९७७७३४

### पसल बिक्रीमा

झापाको अर्जुनधारा-९ स्थित कटहर डाँडामा चालू अवस्थामा रहेको ग्रील पसल बिक्रीमा रहेको हुँदा इच्छुक महानुभावले तुरुन्त सम्पर्क गर्नुहोला ।
सम्पर्क नं. : ९८४२६५४३७७, ९८२४९०००८८

### आकर्षक घडेरी बिक्रीमा

बिर्तामोड नगरपालिका-४ भद्रपुररोड पुरानो गोमेन्द्र कलेजदेखि तल्लो कालिका चोकबाट ३५० मिटर पश्चिममा ४२ फिट मुख भएको उत्तर फर्किएको, उत्तर-दक्षिण दुबैतिर बाटो भएको १ कठ्ठा जग्गा विक्रीमा छ। इच्छुकले सम्पर्क गर्नुहोला ।
सम्पर्कः ९८४२७८९८१३/९८१४९११७७७

### फ्लाट भाडामा

बिर्तामोडस्थित शनिश्चरे रोड ग्लोबल आईएमई बैंक छेउमा १८५० स्वारफिटको बैंक तथा वित्तीय संस्थाको लागि उपयुक्त फ्लाट भाडामा छ ।
सम्पर्क ९८०६०४४४४३

### पसल बिक्रीमा

बिर्तामोड नगरपालिका वडा नं.- ४ भद्रपुररोडस्थित बिजुली अफिसको दक्षिणपट्टि मेनरोडमा अवस्थित पसल भएको अगाडिको सटर तथा त्यससँगै जोडिएको पछाडिको तीनवटा सटरसहित पसल विक्रीमा छ । इच्छुकले सिधा सम्पर्क गर्नुहोला ।
सम्पर्क नं. : ९८०६०००४७२

### छापाखाना

बिभिन्न किसिमको विवाह कार्ड उपलब्ध छ
फोटोकपि स्टाम (छाप) अफसेट प्रिन्ट स्क्रीन प्रिन्ट फ्लेक्स प्रिन्ट होर्डिङ्ग बोर्ड लेमिनेशन डिजिटल प्रिन्ट
लगायत छपाई सम्बन्धि सम्पूर्ण काम गरिन्छ
लेमिनेशन भिजिटिङ कार्ड चाहिएको छ, हामिलाई सम्झनुहोस
७ बार १२ महिना सञ्चालनमा
घिमिरे अफसेट प्रेस बिर्तामोडमा
इतिविसदन उत्तरपट्टिको घर
फोन नं. ०२३-५४२१५९,
९८४२६२५३५३/९८१४०३६३४४

### हिजोको सूनचाँदीको भाउ

छापावाला सुन : ७३,०००।-
तेजावी सुन : ७२,७००।-
असल चाँदी : ९१०।-

### पत्रिका समयमा पाउनु भएको छैन ?

मो. ९८०७९१०२२२ पत्रिकाको ग्राहक शुल्क भुक्तानी गर्नलाई निम्न नं. मा सम्पर्क गर्नुहोस् ।

## बिना अपरेशन सफल उपचार

दक्ष एवम् अनुभवी डाक्टरहरुद्वारा दैनिक चेकजाँच तथा सफल उपचार ।
उपचार हुने समस्याहरु :
- कम्मर, गर्दन दुख्ने, घुडा दुख्ने, नशा च्यापिएको, शरीर झम्झमाउने
- थाइराइड, कोलेस्ट्रोल, ग्याष्ट्रिक, कब्जियत
- पायल्स, फिसर, फिस्टुला, पिनास, सुगर, प्रेसर
- खोकी, जण्डिस, छातीको दाग, मृगौलाको पत्थरी, एलर्जी, डण्डीफोर
- महिला तथा पुरुषका गुप्त रोगहरु, माइग्रेन, अनिद्रा, प्रोस्टेट
- बाथ युरिक एसिड, कुम जाम भएको
- प्यारालाइसिस, मुख बाङ्गिएको आदि ।

बिर्ता आयुर्वेद एण्ड फिजियोथेरापी सेन्टर
(अष्टाङ्ग आयुर्वेद फार्मेसी) अदुवा खोला पुल पश्चिम हाइवेको दक्षिण पट्टी बिर्तामोड-४, झापा
फोन न ०२३-५४१४६६/९८०६०००३१३/९८४२७१६५८८

## कोरियन भाषा

हाम्रा बिशेषताहरु
한국어 (ट्रेक्)
PBT, CBT, Student Visa का कक्षाहरु सञ्चालन ।
न्युन शुल्कमा डबल कक्षा तथा ग्रुपलाई विशेष छुट ।
AC युक्त Waiting Hall, Exam Hall भएको ।
Skill Test को तयारी कक्षा उच्च स्तरीय सामाग्रीबाट गराइने ।
Course Book तथा शिक्षण सामाग्री नि : शुल्क वितरण गरिने ।
स्तरीय कोरियन Listening Grammar को अध्यापन गराइने ।
प्रत्येक हप्ता टेष्ट, Audio, Video प्रोजेक्टरबाट कक्षा सञ्चालन हुने ।
5000 Model Question को अभ्यास तथा Guarantee कक्षा गराइने ।
टाढाबाट आउने तथा पुराना विद्यार्थीलाई विशेष छुटको व्यवस्था गरिने ।
बिहान ५ देखी साँझ ६ बजे सम्म कक्षा सञ्चालन
जापानीज भाषाका N5 & N4 का कक्षाहरु पनि विशेष छुटमा गराइने ।
Rupjyoti Institute Pvt. Ltd.
Birtamod - 5, Jhapa Opposite to Kankai Hospital, Near Hotal Heaven
E-mail:- rklcbtm@gmail.com
Facebook :-www.facebook.com/rupjyotikorean
प्रो. अर्जुन बोहोरा
Tel : 023-546692 | 9814999326 | 9806090399

## हाडजोर्नी तथा नसाका समस्याहरुको सफल उपचार

पूर्वाञ्चलकै पहिलो तथा एकमात्र फरक चिकित्साको उपचार स्पार्क पूर्वाञ्चल अस्पताल बिर्तामोड झापामा हाडजोर्नी तथा नसाका बिरामीहरुको सफल उपचार ।
जाँच तथा उपचार हुने समस्याहरु
- गर्धन, ढाड, कम्मर दुख्ने, डिस्स प्रोल्याप्स, नसा च्यापिएको, हड्डी खिइएको
- बाथ रोग, युरिक एसिड बढेको, आर्थराइटिस, जोर्नी दुख्ने, जोर्नी जाम भएको
- शरीर झमझमाउने, पोल्ने, लाटो हुने, काम्ने,
- प्यारालाइसीस तथा हिंड्न गाह्रो हुने शरीरको एक वा दुबै भाग नचल्ने, मुख बाङ्गिएको बिरामीलाई भर्ना गरी विशेष उपचार गरिन्छ ।
- प्लाराइसीस भएका तथा हिड्न नसक्ने बिरामीका लागि अस्पतालमा भर्ना गरी विशेष उपचार गरिन्छ ।

स्पार्क पूर्वाञ्चल अस्पताल, कनकाई रोड
नेपाल टेलिकम पूर्व बिर्तामोड, झापा (फोन : ०२३-५४०१२३, ९८०३१५४६१९)

## कन्काई हस्पिटल प्रा. लि. बिर्तामोड, झापा विशेषज्ञ सेवा हाम्रो प्रतिबद्धता सबैको पहुँचमा हाम्रो स्वास्थ्य सेवा'

डा.सन्तोष कु. मिश्र
डा.रोशन अटल
डा.पुष्पेन्द्र लिम्बु
डा.डि.के. आचार्य
डा.सबिन मानन्धर
डा.मो.अक्तर अली
डा. गौरव राज ढकाल
MBBS, MS, ORTHO (KU)
ASSI SPINE FELLOWSHIP (PARK CLINIC, KOLKATA, INDIA)
NASS CLINICAL TRAVELLING SPINE FELLOWSHIP (USA)
वरिष्ठ स्पाइन (मेरुदण्ड) विशेषज्ञ/सर्जन
राष्ट्रिय ट्रमा सेन्टर काठमाण्डौबाट
डा. विकास जैशी MBBS, MD, DM Hepatology (NAMS)
डा. मुक्ति आचार्य
MBBS, MD (TU)
वरिष्ठ मानसिक, नशा तथा मनोरोग विशेषज्ञ
डा.रोसन आचार्य
डा.सि.वि झा
नेपाल सरकार स्वास्थ्य विमा कार्यक्रम सञ्चालन भइरहेको जानकारी गर्दछौं।

२४सै घण्टा उपलब्ध सेवाहरु
- आकस्मिक तथा आपतकालिन सेवा
- आधुनिक भेन्टिलेटर सहित ICU सेवा
- जनरल तथा ल्याप्रोस्कोपी शल्यचिकित्सा
- आधुनिक एनलाइजर सहित प्याथोलोजी सेवा
- आकस्मिक दुर्घटनाको विशेष सुविधा तथा उपचार
- आधुनिक अमेरिकन कम्पनिको आर्थोस्कोपी मेसिनद्वारा जोर्नी फेर्ने र जोर्नी सफा गर्ने सर्जरी
- फार्मेसी सेवा
- ५०० ma डिजिटल x-ray सेवा
- जनरल फिजिसियन चिकित्सा सेवा
- स्त्री तथा प्रसुति शल्यचिकित्सा
- हाडजोर्नी तथा नशा शल्यचिकित्सा
जानकारी तथा नाम दर्ताको लागि




ज्यो. मधुसुदन रिजाल (स्वर्णपदक विजेता)
वैदिक ज्योतिष परामर्श केन्द्र
शनिश्चरे रोड, बिर्तामोड (९८४२०५७४९९)

**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ) -** राम्रो कर्मफल प्राप्त हुनाले मन प्रसन्न रहनेछ । सामाजिक नेतृत्व हातलागी हुने सम्भावना छ । व्यापारमा पनि राम्रै फाइदा उठाउन सकिनेछ ।

**बृष (इ, उ, ए, ओ, बा, बि, बु, बे, बो) -** प्रतिष्ठित काम गर्ने अवसर मिल्नेछ । मेहनतले जीवनशैलीमा परिवर्तन आउनेछ ।

**मिथुन (का, कि, कु, घ, ङ, छ, के, को, ह) -** विशिष्ट व्यक्तिको सहयोग जुट्नेछ । महत्वाकांक्षाले लक्ष्यमा पुऱ्याउन सक्छ, कर्तव्यपरायण रहनुहोला ।

**कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो) -** अवसरसँगै चुनौति समेत देखा पर्ने छन् । सहयोगको नाममा आफ्ना कमजोरीको फाइदा उठाउनेहरू प्रशस्तै फेला पर्ने छन् ।

**सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे) -** होसियारी साथ काममा जुट्नुहोला । शुभचिन्तकहरूले भने राम्रै सहयोग जुटाउने छन् । सामाजिक कामको जिम्मेवारी बढ्नेछ ।

**कन्या (टो, प, पि, पु, ष, ण, ठ, पे, पो) -** स्रोत पहिचान गर्न सकिनेछ । अध्यात्मभाव जागृत हुनका साथै धर्मकर्म र परोपकारी काममा प्रवृत्त भइनेछ ।

**तुला (र, रि, रू, रे, रो, ता, ति, तु, ते) -** सामान्य कामका लागि धेरै दौडधुप गर्नुपर्नेछ । तत्काल फाइदा नहुने काममा जुट्नुपर्ला । परिबन्धले चुनौति निम्त्याउन सक्छ ।

**बृश्चिक (तो, ना, नि, नु, ने, नो, या, यि, यु) -** ठूलो भागको आशा राख्दा भएको वस्तु समेत गुम्न सक्छ । अरूका विषयमा चासो लिंदा व्यर्थैमा झमेला व्यहोर्नुपर्ला ।

**धनु (ये, यो, भ, भि, भु, ध, फा, ढ, भे) -** स्वास्थ्यका लागि व्यायाम तथा आहारविहारमा ध्यान पुऱ्याउनुहोला । केही उपलब्धिको स्रोत भने पहिल्याउन सकिनेछ ।

**मकर (भो, ज, जि, खि, खु, खे, खो, गा, गि) -** लोकाचारका लागि अनावश्यक वस्तुका पछि दौडनुपर्ला । सामान्य कामलाई सञ्चित रकम खर्चनुपर्ने हुन सक्छ ।

**कुम्भ (गु, गे, गो, सा, सि, सु, से, सो, द) -** आजको यात्रा र आतिथ्य खर्चिलो बन्नेछ । वचन पूरा गर्न नसक्दा आलोचित भइनेछ । परिस्थिति सामान्य रहला ।

**मीन (दि, दु, थ, झ, ञ, दे, दो, च, चि) -** सम्बन्ध अनुकूल बनाइराख्न व्यवहारमा सजग रहनुपर्ला । तापनि, प्रेम र मित्रताको बन्धन कसिने समय छ ।

# विद्यार्थीलाई खाजा खुवाउन वडा सदस्य शर्माले दिए दुई महिनाको तलब

**भद्रपुर, भदौ १७।** सरकारले सामुदायिक विद्यालयका बालविकासमा अध्ययनरत् विद्यार्थीको खाजा रकम कटौती गरेको भन्दै भद्रपुरका एक जनप्रतिनिधिले आफ्नो दुई महिनाको तलब विद्यालयलाई दिएका छन् ।

भद्रपुर नगरपालिका वडा नं. ६ का वडा सदस्य प्रकाश शर्माले आफ्नो जुम्ल्याहा छोराछोरीको जन्मदिनको अवसर पारेर भद्रपुर-६ स्थित शारदा आधारभूत विद्यालयलाई दुई महिनाको तलब १३ हजार रुपैयाँ प्रदान गरेका हुन् ।

छोरा वासुदेव र छोरी बालिका एक वर्ष पूरा गरेको उपलक्ष्यमा वडा सदस्य शर्माले विद्यालयका प्रधानाध्यापक कोपिला दाहाललाई सो रकमको चेक हस्तान्तरण गरेका थिए ।



बालविकासमा अध्ययनरत् छात्रछात्रालाई खुवाउँदै आएको खाजा बापतको रकम सरकारले कटौती गरेकोले गरीव तथा विपन्न बालबालिका खाजा खानबाट वञ्चित हुनु नपरोस् भनेर आफ्नो दुई महिनाको तलब विद्यालयलाई हस्तान्तरण गरिएको वडा सदस्य शर्माले बताए ।

यता विद्यालयका प्रधानाध्यापक दाहालले सो रकम बुझ्दै वडा सदस्यले दिएको रकमबाट विद्यार्थीहरुलाई खाजा खुवाउने प्रतिबद्धता जाहेर गरिन् ।

'विगत एकबर्षदेखि खाजा रकम कटौती हुँदा बालविकासका विद्यार्थीलाई खाजा खुवाउन सकिरहेका थिएनौं' -उनले भनिन्- 'सरकारले खाजाको रकम कटौती गर्दा विद्यार्थीको संख्यामा कमी आइसकेको छ, त्यसैले बालविकासका विद्यार्थीको खाजाका लागि यहाँका जनप्रतिनिधिसँगै युवा, उद्योगी, व्यापारीको सहयोग चाहिएको छ ।'

कार्यक्रममा युवा संघ भद्रपुर नगर अध्यक्ष डिल्ली पोखरेल, सदस्य दीपक अग्रवाल, अभिषेक प्रधान लगायतले वडा सदस्य शर्माले गरेको कार्यको प्रशंसा गरेका थिए ।

# मारवाडी सेवा समितिको नेतृत्व चयन



**बिर्तामोड, भदौ १७।** मारवाडी सेवा समिति बिर्तामोडको अध्यक्षमा पवन खेडिया निर्वाचित भएका छन् ।

संस्थाको २६औं साधारणसभाले खेडियाको अध्यक्षतामा नयाँ कार्यसमिति चयन गरेको हो । नवगठित समितिको उपाध्यक्ष राहुल शर्मा, सचिव दिपेन्द्र मित्तल, सहसचिव गौरीशंकर गुप्ता टिंकु, कोषाध्यक्ष भगवानदास सिंघल रहेका छन् ।

त्यस्तै सदस्यहरुमा वेदप्रकाश मित्तल, मागीलाल अग्रवाल, अरुण चौधरी, विजय गोयल, यज्ञराज अग्रवाल, प्रमोद अग्रवाल, प्रविन अग्रवाल रहेका छन् । समितिका अन्य दुई सदस्य भने आगामी बैठकले चयन गर्ने बताइएको छ ।

१५ सदस्यीय समितिका लागि २१ जनाले उम्मेद्वारी मनोनयन गरेकोमा नौ जनाले उम्मेद्वारी फिर्ता लिएपछि सर्वसम्मतले समिति चयन गरिएको बताइएको छ । समिति निर्माणका लागि शिवकुमार अग्रवाल निर्वाचन आयुक्त र भाष्कर शर्मा र दिपक मित्तल सदस्य रहेको निर्वाचन समिति गठन गरिएको थियो ।

संस्थाका अध्यक्ष सुरेशकुमार अग्रवाल भद्रपुरेको अध्यक्षता तथा महावीरप्रसाद गोयलको प्रमुख आतिथ्यमा भएको कार्यक्रममा वेदप्रकाश अग्रवाल, उमेश डालमिया, दिनेश मित्तल, हनुमान मित्तल लगायतले शुभकामना दिएका थिए । कार्यक्रमको सञ्चालन जीतेन्द्र मित्तलले गरेका थिए ।

# सडक निर्माण गर्न उपभोक्ता समिति



अध्यक्ष, कृष्णप्रसाद ढकाल

**बुद्धशान्ति, भदौ १७।** बुद्धशान्ति गाउँपालिका वडा नं. ३ को ७ नं. चोकबाट खतिवडा चोक, क्यानिङ कम्पनी पिच चोक हुँदै विरिङ खोलासम्म पुग्ने सडक निर्माणका लागि उपभोक्ता समिति गठन गरिएको छ ।

झिलमिले खोलामा भएको ह्युमपाइपको पुल बर्षात्को समयमा बाढीको पानीले मुख टालिन जाँदा बनिएको पोखरीले भत्काएर सडक जीर्ण अवस्थामा छ भने कतै ह्युमपाइपका ठाउँमा खाल्डा छन् । डाइभर्सनमा पैदल हिँड्नहोस् वा सवारीसाधन गुडाउन दुवैका लागि समस्या भएको स्थानीयबासी बताउँछन् ।

चाडपर्वलाई लक्षित गर्दै धौराली चोकमा भएको स्थानीयबासीको भेलाले सडक निर्माण उपभोक्ता समिति गठन गरेको हो । बुद्धशान्ति गाउँपालिका वडा नं. २ का वडाध्यक्ष दिलीप श्रेष्ठ र वडा नं. ३ का वडाध्यक्ष कमल उप्रेती, अर्जुनधारा नगरपालिका वडा नं.८ का वडाध्यक्ष गोपीचन्द्र गौतम, वडा नं. ९ का वडाध्यक्ष पुष्प प्रसाईं र वडा नं. १० का वडाध्यक्ष बलदेव (गोम्देन) तामाङ लगायतका जनप्रतिनिधिहरुको सहभागितमा समिति निर्माण गरिएको हो ।

सडक निर्माण उपभोक्ता समितिको अध्यक्षमा कृष्णप्रसाद ढकाल रहेका छन् भने सचिव मोहनलाल पौडेल, कोषाध्यक्ष डिल्लीमाया दाहाल रहेका छन् । त्यस्तै सदस्यहरुमा कमला धौराली, जीवन चिमोरिया, नारायण न्यौपाने, अर्जुनकुमार सुबेदी रहेका छन् ।

समितिले उक्त सडकका समस्याहरु पहिचान गरी सम्बन्धित पक्षहरुसँग सहकार्य अघि बढाउने, सडकको पुनः निर्माण तथा स्तरोन्नति गर्ने बताइएको छ ।

# जर्सी गाई बिक्रीबाट मनग्गे आम्दानी

**इलाम, भदौ १७।** पूर्वी नेपालको इलाममा उन्नत जातका जर्सी र होल्स्टाइन गाई पालेर दूधबाट मनग्गे आम्दानी गरिरहेका किसानहरू अहिले महँगो मूल्यमा गाई बिक्री गर्दै आम्दानीको स्रोत विस्तार गरिरहेका छन् ।

इलाम नगरपालिकाकी आशिका पौडेलका अनुसार पूर्वी र मध्यपहाडका जिल्लाका साथै सीमावर्ती भारतबाट समेत उन्नत जातका गाईको माग अत्यधिक आउने गरेको छ । उनी भन्छिन्- 'त्यसैले अहिले गाईपालन हाम्रो आम्दानीको मुख्य स्रोत बनेको छ ।'

स्थानीयभन्दा उन्नत जातका थोरै गाई पाल्दा कम मेहनत र कम लगानीमा धेरै आम्दानी हुने गरेको गाईपालकहरूको अनुभव छ । त्यो बुझेपछि इलामबाट उन्नत गाईको माग बढेको इलामको सूर्योदय नगरपालिकास्थित त्रि-ब्रदर्स गाई फार्मका सञ्चालक कुमार रेग्मी बताउँछन् ।

एउटा उन्नत गाईले २० लिटरसम्म दूध दिने जानकारी दिँदै उनी भन्छन्- 'दश वटा स्थानीय गाईभन्दा एउटा उन्नत गाई पाल्दा सजिलो र फाइदा बढी हुने बुझेर माग बढी भएको हो । एक वर्षका बाछी ८०-९० हजार र ब्याइसकेका गाई दुई लाख रुपैयाँ सम्ममा बिक्री हुन्छन् ।"

भेटरिनरी अस्पताल तथा पशुसेवा विज्ञ केन्द्र इलामको तथ्यांक अनुसार इलाममा हाल एक लाख १५ हजार उन्नत जातका गाईहरू छन् । ती गाईबाट इलाममा दैनिक तीन लाख ६० हजार लिटर दूध उत्पादन हुन्छ । त्यसमध्ये दैनिक ४० हजार लिटर विराटनगरस्थित दुग्ध वितरण आयोजनामा पुग्छ । बाँकी जिल्लाकै सरकारी र निजी दुग्ध उद्योगले प्रशोधन गरी विभिन्न परिकार बनाएर बेच्ने गरेका छन् ।

छुर्पी र घ्यू उत्पादन गर्ने तीन सय हाराहारीमा रहेका डेरी उद्योगले दैनिक २५ हजार लिटर दूध खपत गर्ने गरेको जिल्ला पशु सेवा कार्यालयले जनाएको छ । इलाममा वार्षिक एक लाख २५ हजार मेक्ट्रिक टन हाराहारीमा दूध उत्पादन हुन्छ ।

इलाम फिक्कलकी रञ्जना लेप्चाको गोठमा अहिले १० वटा उन्नत जातका गाई छन् । उनका अनुसार गाईको दूध बेचेरै मासिक ८० हजार रुपैयाँसम्म आम्दानी हुन्छ । गाईलाई खुवाउन उनको बारीमा हिउँदे, बर्खे र बहुबर्खे गरी तीन किसिमका घाँसहरू छन् ।

वरिष्ठ पशु विकास अधिकृतको रूपमा इलाममा चार वर्ष गाईबारे अध्ययन गरेका पशुपति ढुंगाना झन्डै ५० वर्षअघि भारतको पोखेवुङबाट जर्सी र होल्स्टाइन जातका उन्नत गाई ल्याएर इलाममा व्यवसायिक गाईपालन गर्न थालिएको बताउँछन् । उनका अनुसार इलामकै जस्तो चिसो हावापानी भएका अन्य पहाडी जिल्लाहरूमा लगिएका दैनिक १० देखि ३० लिटरसम्म दूध दिने महँगा गाईहरू त्यहाँ पनि राम्रै फस्टाएको पाइएको छ ।

भेटरिनरी अस्पताल तथा पशुसेवा विज्ञ केन्द्र इलामका अनुसार जिल्लाका कृषकले हरेक वर्ष दूध बेचेर मात्र चार अर्ब ७० करोडभन्दा बढी नाफा गर्छन् । वार्षिक दुई अर्बभन्दा बढी मूल्य बराबरकका घ्यू, छुर्पी, चीज लगायतका दूधबाट बन्ने परिकारहरू जिल्ला बाहिर निर्यात हुने गरेको छ ।

मानिस र कुकुरको आहाराको लागि छुट्टाछुट्टै तयार गरिने छुर्पी त काठमाडौं हुँदै युरोपसम्म पुग्ने गर्छ । व्यापार तथा निकासी प्रवर्द्धन केन्द्रको तथ्याङ्क अनुसार कुकुरको आहाराको रूपमा नेपालबाट बर्षेनि ८० करोडभन्दा बढी मूल्य बराबरको छुर्पी युरोप निर्यात हुने गरेको बीबीले जनाएको छ ।

व्यवसायीहरूका अनुसार कुकुरको आहाराको रूपमा नेपालबाट अमेरिका लगायतका मुलुकमा निर्यात हुने कूल छुर्पीको ६० देखि ७० प्रतिशत इलामकै उत्पादन हो ।

# प्राचार्य दाहाललाई मातृशोक



**लक्ष्मीपुर, भदौ १७।** कनकाई एजुकेशन फाउण्डेशन बिर्तामोडका प्राचार्य विष्णुप्रसाद दाहाललाई मातृशोक परेको छ ।

भद्रपुर नगरपालिका वडा नं. १० निवासी दाहालकी ७५ वर्षिया माता नरमाया दाहालको फोक्सो सम्बन्धी रोगका कारण गत भदौ १२ गते निधन भएको हो । सामाजिक क्षेत्रमा सक्रिय रहेकी दाहाललाई करिब एक हप्ताअघि मात्र अस्वस्थ भई अस्पत्ताल भर्ना गरिएको थियो । उपचारकै क्रममा उनको निधन भएको पारिवारिक स्रोतले जनाएको छ ।

स्व.दाहालका पति कृष्णप्रसाद दाहाल, छोरा-बुहारीहरु डिल्लीप्रसाद-शुशिला, विष्णुप्रसाद-सोमा दाहाल रहेका छन् । त्यस्तै छोरी-ज्वाइँहरु गंगा-खेमनाथ पन्थी, जानुका-टिकाराम लुइँटेल तथा दुई नाति र सात नातिनी रहेका छन् । स्व. दाहालका जेठा छोरा डिल्ली सहकारीकर्मी तथा बिर्तामोड नगरपालिकाका सहकारी अधिकृत हुन् भने कान्छा छोरा विष्णु दाहाल लामो समयदेखि शिक्षण पेशामा आवद्ध रहेका छन् ।


## हार्दिक श्रद्धाञ्जलि एवम समवेदना



यस कनकाई एजुकेशन फाउण्डेशन बिर्तामोडका प्राचार्य विष्णुप्रसाद दाहालका ममतामयी माता **नरमाया दाहाल**को को मिति २०७६ साल भाद्र १२ गतेका दिन ७५ वर्षको उमेरमा भएको असामयिक निधनको खवरले हामी अत्यन्त मर्माहत र स्तब्ध भएका छौं । शोकको यस दुःखद् घडीमा स्वर्गवासी आत्माको चिरशान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जलि अर्पण गर्दछौं । साथै शोकमा रहनुभएका पति कृष्णप्रसाद दाहाल, छोराबुहारीहरू डिल्लीप्रसाद/सुशिला, विष्णुप्रसाद/सोमा दाहाल, छोरीज्वाइँहरू गंगा/खेमनाथ पन्थी, जानुका/टिकाराम लुइटेल एवम् सम्पूर्ण शोकाकुल परिवारजनप्रति धैर्यधारण गर्न सक्ने शक्ति इश्वरले प्रदान गरून भनि हार्दिक समवेदना प्रकट गर्दछौं ।

**सुरेशकुमार चापागाई : क्याम्पस प्रमुख** **जयनारायण ढुंगाना : संस्थापक**

एवम् **कनकाई एजुकेशन फाउण्डेशन परिवार**

**बिर्तामोड (झापा)**

**सेफ्टी ट्याङ्की सफा गर्नु परेमा हामीलाई सम्पर्क गर्नुहोला ।**




## साधारणसभा सम्बन्धी सूचना

श्री सृजनशील बचत तथा ऋण सहकारी संस्था लि. को १४औं वार्षिक साधारणसभा निम्न मिति, समय र स्थानमा गर्ने निर्णय भएको हुँदा सम्पूर्ण सेयर सदस्यहरुलाई पत्राचार गरिसकिएको छ । कुनै कारणबस पत्र प्राप्त नभएमा यसै सूचनालाई आधारमानी उपस्थित भईदिनु हुन् हार्दिक अनुरोध गर्दछौं ।

**मिति : २०७६/०५/२० गते शुक्रबार**
**समय : बिहान ठीक १०:०० बजे**
**स्थान : पाथीभरा सिनेप्लाजा बिर्तामोड**

**श्री सृजनशील बचत तथा ऋण सहकारी संस्था लि.**
बिर्तामोड नपा-१, झापा

**असल संस्कार र समृद्धिका लागि एनएमसी**

**नेपाल बहुउद्देश्यीय सहकारी संस्था लि.**
NMC-COOP
प्रधान कार्यालय : मेचीनगर-६, काँकरभिट्टाको

## सिलबन्दी कोटेसन आह्वान सम्बन्धमा

*प्रथमपटक प्रकाशित मिति : २०७६।५।१८*

**यस संस्थाको लागि तपसिलमा उल्लेख भएबमोजिमका सामग्रीहरुको आवश्यकता परेको हुँदा इच्छुक व्यक्ति, फर्म वा कम्पनीबाट सिलबन्दी कोटेसन आह्वान गरिन्छ ।**

**तपसिल**

sukam/luminous/ s power 1500-1700 va inverter (24 volt)
2. sukam/ luminous/s power company 3 or3.5 kva inverter (48 volt)
3. sukam 5 kva online ups 180 volt
4. exide /sukam/luminous company's tubler battery 100 ah, 150 ah, 165 ah
5. sanwood 5 kva digital stabilizer
6. servo/discovery 10 kva heavy duty stablizer
7. zk attendance machine k40 or similar
8. hikvision 8 channel dvr (ds 7108hqh1-k1)
9. hikvision 5 mp hd cc camera dom and bullet
10. wd/toshiba or other company's 2tb/4tb surveillance hard disk
11. acer 18.5 led monitor
12. front tech or other company's smps
13. bnc & dc jack
14. taicon or other comapany's net rj11/telephone rj12
15. dlink/hikvision or other network pure copper wire
16. x lab or other company's telephone wire
17. tricom or other company's cc camera wire 2-1
18. totolink/dlink/digicom company's 16 port network switch
19. telephone set normal
20. magner / maxell bundle note counting machine
21. epson m 200 inkjet printer
22. epson lq or lx dotmatrix printer
23. acer / lenovo dualcore desktop computer
24. epson/ canon scanner
25. laptop bag
26. logitech / rappo keyboard, mouse
27. power extension cord (protector)
28. projector epson / nec
29. ubiquity power beam ac 400/ 500/ 620/ air fiber wireless device
30. pure cooper cab6 network cable
31. pabx device

**पुनश्च :**
- कोटेसन पेस गर्दा भ्याट शुल्क, वारेन्टी, डेलीवरी लगायतका कुरा खुलाउनुपर्नेछ ।
- कोटेसन पेस गर्ने अन्तिम मिति २०७६ भदौ ३१ गते मंगलबार तोकिएको छ ।
- कोटेसन संस्थाको बिर्तामोड कार्यालय वा काँकरभिट्टास्थित प्रधान कार्यालयमा दर्ता गरी बुझाउनु पर्नेछ ।
- कोटेसन पेस गर्दा उपलब्ध गराउन सक्ने सामानको मात्र कोटेसन पेस गर्नुपर्नेछ ।
- कोटेसन स्वीकृत गर्ने अन्तिम अधिकार संस्थामा निहित रहने छ ।

थप जानकारीका लागि : मो. ९८५२६८९४१८ (आइटी विभाग)

**– प्रधान कार्यालय**

## कतारमा सेक्युरिटी गार्डलाई रोजगार

**कम्पनी : STARK SECURITY SERVICES W.L.L** **शहर : DOHA**

पूर्व स्वीकृति मितिः २०७६/०१/३० चलानी नं. ६०१४०२६ लट नं. २२०३८६

| पद | संख्या | तलब | | खान/बस्न | ओटी | काम | करार |
|---|---|---|---|---|---|---|---|
| Guard (Male) | १२५ | १५००।- QR | ४५,९६०।- NR | छ/छ | कनिअ | ८ घण्टा २६ दिन | २ बर्ष |

उमेरः १९देखि ४० बर्षसम्म ।

**यसको फाइनल अन्तरवार्ता सम्बन्धित कम्पनीको प्रतिनिधिबाट यही भदौ १९ र २० गते बिर्तामोडमा हुनेछ ।**

**Advanced Management Group Pvt. Ltd.**
Samakhusi 26, Kathmanxu, Nepal
Email: info@amgroup.com.np, Website: www.amgroup.com.np
**Jhapa Contact:** 9852682331, 9807960966

## दुबई सेक्युरिटी गार्ड र वाचमेनहरुलाई रोजगारको सुवर्ण अवसर

२१ दिनमा भिषा आउने ग्यारेन्टी

**कम्पनी : BAKEMART L. L. C.** **शहर : DUBAI**

पूर्व स्वीकृति मितिः २०७६/०३/१८ चलानी नं. ६०१४१४३९ लट नं. २२१७७९

| पद | संख्या | तलब | | खान/बस्न | ओटी | काम | करार |
|---|---|---|---|---|---|---|---|
| | | AED | NR | | | | |
| Packing Helper | ८० (पुरुष) | ८००।- | २३,८२५।- | छ/छ | कनिअ | ८ घण्टा २६ दिन | २ बर्ष |

**यसको फाइनल अन्तरवार्ता सम्बन्धित कम्पनीको प्रतिनिधिबाट यही भदौ २२ गते आइतबारका दिन बिर्तामोडमा हुनेछ ।**

**नोटः दुबईको** Magnum Security Service **कम्पनीबाट १०० जना** DPS **सेक्युरिटी गार्ड र नर्मल गार्ड वाचमेनहरुको माग भई आएको छ । सेलरी सेक्युरिटी गाडएको १२ घण्टा २८ दिनको** 1930 DHS**। वाचमेनको सेलरी १२ घण्टा २६ दिनको** 1400 DHS **एग्रीमेन्ट गरिनेछ ।**

**सगुन ओभरसिज सर्भिसेज प्रा.लि.** (
श्रम इजाजत नं. ३९६/०६०/०६१
पो.ब.नं. ३२३, डिल्लीबजार, कालिस्थान-३२ (फोनः ९८०८०७४५९८, ९८०३०७४४३९)

# मिस आदिवासी जनजातिको उपाधि कुसुमलतालाई




**गौरीगञ्ज, भदौ १७।** मिस आदिवासी जनजाति झापा-२०७६ को उपाधि हल्दिबारी-३ कि कुसुमलता राजवंशीले हात पारेकी छिन् ।

नेपाल आदिवासी जनजाति महासंघ नगर समन्वय समिति भद्रपुरको आयोजनामा भएको प्रतियोगिताको ग्राण्ड फिनालेमा कुसुमलताले उपाधि हात पारेकी हुन् । उपाधिसँगै उनले नगद रू. ५१ हजार र गिप्ट ह्याम्पर समेत प्राप्त गरेकी छिन् ।

प्रतियोगिताको फस्ट रनर अप भद्रपुर-५ कि नेहा सुनुवारले हात पारेकी छिन् । उनले उपाधिसँगै नगद २५ हजार रूपैयाँ प्राप्त गरेकी छिन् । त्यस्तै सेकेण्ड रनर अप अर्चिता गुरूङले हात पारेकी छिन् । उनले उपाधिसँगै नगद १५ हजार हात पारेकी छिन् ।

नगर समन्वय समिति भद्रपुरका अध्यक्ष सन्तोष राजवंशीको अध्यक्षता तथा कृषि राज्यमन्त्री रामकुमारी चौधरीको प्रमुख आतिथ्यमा कार्यक्रम भएको थियो ।

कार्यक्रममा प्रदेश सभासद वसन्त बानियाँ, पूर्णसिंह राजवंशी, ओमप्रकाश सरावगी, भद्रपुर नगरपालिकाका मेयर जीवनकुमार श्रेष्ठ, बाह्रदशी गाउँपालिकाका उपाध्यक्ष रत्नाकुमारी राजवंशी, झापा उघोग संघका अध्यक्ष टीकाराज ढकाल, नेपाल आदिवासी जनजाति महासंघ झापाका अध्यक्ष भरत कुमार श्रेष्ठ लगायतले पुरस्कार वितरण गरेका थिए ।

कार्यक्रममा लीला पाण्डे, विवेश राई र पुकारचन्द्र राजवंशी निर्णायक रहेको डाइरेक्टर विमल राजवंशीले बताए । संस्थाका सचिव सोहनलाल गणेशले स्वागत गरेको कार्यक्रमको सञ्चालन कृति राईले गरेकी थिइन् ।

# जापानमा रोजगारीका लागि कात्तिकमा परीक्षा

**झापा, भदौ १७।** जापान सरकारले औपचारिक रुपमा आप्रवासी कामदार भित्र्याउने प्रक्रिया शुरु गरेको छ । जापान सरकारले यसअघि नै विभिन्न १४ क्षेत्रमा नेपाल लगायत नौ देशबाट विदेशी कामदार भित्र्याउने घोषणा गरेको थियो । पहिलो चरणमा जापानले केयर गिभरमा कामदार लैजाने तयारी गरेको हो ।

जापानमा रोजगारीका लागि योग्य हुन जापानी भाषा तथा सीप परीक्षा उतीर्ण गर्नुपर्ने छ । 'स्पेसिफाइड स्किल्ड वर्कश' अन्तर्गत जापानमा नर्सिङ केयर गिभरमा जान चाहनेले नर्सिङ केयर गिभर र जापानी भाषा परीक्षा उतीर्ण गर्नुपर्ने जापानको स्वास्थ्य, श्रम तथा कल्याण मन्त्रालयले जनाएको छ ।

नर्सिङ केयर गिभरमा जापान जान चाहनेले 'नर्सिङ केयर स्किल इभ्यालुएसन टेस्ट' अन्तर्गत ६० मिनेटमा ४५ वटा प्रश्नको लिखित उत्तर दिनुपर्नेछ । जसमा 'फन्डामेल्टल अफ केयर'को १०, 'मेकानिज्म अफ द माइन्ड एण्ड बडी' को ६, 'कम्युनिकेशन स्किल' को ४, 'फिजिकल केयर' को २० र प्रयोगात्मक अभ्यास अन्तर्गत पाँच वटा प्रश्नको उत्तर दिनुपर्नेछ । प्रयोगात्मक परीक्षा कम्प्युटर प्रणाली (सिबिटी) माध्यमबाट दिनुपर्नेछ ।

यसैगरी परीक्षार्थीले 'नर्सिङ केयर जापानीज ल्याङ्ग्वेज इभ्यालुएसन टेस्ट' अन्तर्गत ३० मिनेटमा १५ वटा प्रश्नको उत्तर दिनुपर्नेछ । जसमा 'टेक्निकल टर्म्स अफ केयर' ५, 'कम्युनिकेशन अफ केयर' ५ र 'डकुमेन्ट अफ केयर'को ५ गरी १५ अङ्कको भाषा परीक्षा दिनुपर्नेछ ।

भाषा र सीप परीक्षाका लागि एक हजार जापानी येन दस्तुर बुझाउनुपर्ने उल्लेख गरिएको छ । परीक्षा सम्पन्न भएको एक महिनापछि नतिजा सार्वजनिक हुनेछ । कम्तीमा ६० प्रतिशत अङ्क प्राप्त गर्ने परीक्षामा उतीर्ण हुने जापानी श्रम मन्त्रालयले जनाएको छ ।

कात्तिक १० देखि १२, १९ देखि २१ र २६ देखि २८ गतेसम्म परीक्षा सञ्चालन हुनेछ । परीक्षाका लागि कसरी आवेदन गर्ने भन्ने बारेमा आगामी असोज १५ गतेभित्र जानकारी दिइने बताइएको छ ।

नेपाल सरकार र जापान सरकारबीच गत चैत ११ गते नेपाली श्रमिक पठाउने सम्बन्धी 'सहयोग समझदारी' (एमओसी)मा हस्ताक्षर भएको थियो । जापानले १४ वटा कार्यक्षेत्रमा विदेशी श्रमिक भित्र्याउने नीति अख्तियार गरेको छ ।

जापानले कृषि, नर्सिङ केयर, सवारीसधान मर्मतसम्भार, खाद्य सेवा उद्योग, निर्माण उद्योग, खाद्यपदार्थ र पेयपदार्थको उत्पादन, आवास उद्योग, मेशिनरी पार्ट उद्योग, माछा मार्ने र माछापालन उद्योग, औद्योगिक उपकरण उद्योग, इलेक्ट्रिक, इलेक्ट्रोनिक्स र सूचना प्रविधि उद्योग, बिल्डिङ सरसफाई व्यवस्थापन, जहाज र जहाज पाटपूर्जा उद्योग एवम् हवाई उद्योगमा श्रमिक लिने जनाएको छ ।

नेपाली श्रमिकलाई १४ वटै कार्यक्षेत्रमा खुला गरिएको भए तापनि कुन कुन क्षेत्रमा के कति संख्यामा नेपाली श्रमिकको माग हुने हो भन्ने विषय निश्चत हुन बाँकी रहेको श्रम मन्त्रालयले जनाएको छ ।

# यस्तो गल्तीले समय अगावै बुढेसकालले छुनेछ



बुढेसकाल समय अनुसार सबैलाई हुन्छ । उमेर ढल्कदै गए पछि बुढेसकाल लाग्दै जानु अस्वभाविक होइन तर हाम्रो शारिरिक बनावट तथा आफ्नो खानपिन र बानी व्यवहारका अनुसार बुढेसकाल लाग्ने अवस्था अगाडि-पछाडि हुन सक्छ । यस्ता कारणले समय अगाडि बुढेसकाल लाग्न सक्छ :

**पर्याप्त नसुत्नु**

थुप्रै अनुसन्धानले यो पुष्टि गरेको छ कि यदि हामी राती ७ देखि ८ घण्टा नसुते यसले तनाव, मुटु रोग र उच्च रक्तचापको समस्या निम्त्याउँछ । यो गल्तीले समय अगावै बुढो बनाउन सक्छ ।

**तनावमा रहिरहनु**

लगातार तनावमा रहँदा शरीरमा केही यस्ता हर्मोन बन्न थाल्छ जसले शरिरमा नराम्रो असर पुऱ्याउने गर्दछ । यसले अनुहारमा समय अगावै चाउरी निम्त्याउने गर्दछ ।

**लगातार बसिरहनु**

लगातार थुप्रै घण्टासम्म एकै ठाउँमा बसिरहँदा खाना राम्रोसँग पच्दैन । यस्तोमा तपाईं मोटोपनाको शिकार हुनुहुनेछ जसले तपाईंको स्वास्थ्यमा नकारात्मक असर पुऱ्याउने गर्दछ र समय अगावै बुढो देखाउँछ ।

**कम पानी पिउनु**

दिनभरी सातदेखि आठ गिलास पानी नपिउँदा शरीर हाइड्रेट हुन पाउँदैन । यस्तोमा छाला रूखो हुने गर्दछ जसले चाउरी पर्ने गर्दछ ।

**नशाको लत**

रक्सी, गाँजा, चुरोट र लागूपदार्थको नशा छ भने शरीरमा कार्टिसोल नामक हर्मोन बन्न थाल्छ । यसले तनावलाई बढाउने गर्दछ र समय अगावै बुढो पनि ।

**एकैपटक थुप्रै काम गर्दा**

एकैपटक थुप्रै काम गर्दा ऊर्जा त खर्च हुन्छ नै साथै तनाव पनि बढ्ने गर्दछ । यसले दिमाग र मुटुमा नराम्रो असर पर्ने गर्दछ ।

**नास्ता नगर्दा**

बिहानको नास्ता नगर्दा दिनभरी थकान र कमजोरीको समस्या हुने गर्दछ । यसले छालामा नराम्रो असर पुऱ्याउने गर्दछ र हामी समयपूर्व नै बुढो देखिन थाल्छौं ।

**अस्वस्थकर खाना खाँदा**

खानामा दूध, दही, पनिर, हरियो सागसब्जी वा अण्डा, माछा, चिकन, मटन जस्ता खानेकुरा समावेश नगर्दा शरिरले आवश्यक पोषकतत्व प्राप्त गर्दैन । यसो हुँदा व्यक्ति उमेरभन्दा अघि नै बुढो देखिन थाल्छ ।

**सनस्क्रिन नलगाउँदा**

सनस्क्रिन नलगाउँदा घामको तेज किरणले छालामा प्रत्यक्ष असर पुऱ्याउने गर्दछ । यसले छालाको रङ र नरमपन दुबैलाई कम गर्दछ ।

**व्यायाम नगर्दा**

दैनिक बिहान व्यायाम नगर्दा शरीर फिट हुँदैन । यसले मोटोपना, अपच, एसिडिटी र कब्जियतको समस्या हुन थाल्छ । यस्तोमा समयपूर्व नै बुढ्यौलीले छुने गर्दछ ।

# स्कुलमा बच्चालाई नुनसँग रोटी खुवाएको सूचना दिने पत्रकारलाई मुद्दा !



**झापा, भदौ १७।** उत्तर प्रदेशको मिर्जापुरमा प्रहरीले मिड डे मिल (दिउँसोको खाजा)मा बच्चाहरुलाई नुनसँग रोटी खुवाएको खबर प्रशारण गर्ने पत्रकारविरुद्ध मुद्दा दर्ता गरेको छ ।

प्रशासनले पत्रकार पवन जयसवालले षडयन्त्र गरेर उत्तर प्रदेश सरकारको बदनाम गरेको आरोप लगाएको छ । मिर्जापुरका प्रहरी अधिकारी अवधेश कुमार पाण्डेले भने- 'जिल्ला अधिकारीका तर्फबाट जाँच गरिएपछि पत्रकार पवन जयसवालसहित तीन जनाकाविरुद्ध मुद्दा दर्ता गरिएको छ ।' उनले प्रहरीले थप अनुसन्धान गरिरहेको र यस सम्बनधमा एक व्यक्तिलाई हिरासतमा लिइएको जानकारी दिएका छन् । स्थानीय हिन्दी पत्रिकामा काम गर्ने पत्रकार जयसवालले भने- 'मलाई मेरो कामलाई निशाना बनाइएको छ । एफआईआर दर्ता भएपछि मलाई डर लागिरहेको छ ।'

पवनमाथि आपराधिक षडयन्त्र र धोखाधडीको आरोपमा एफआईआर दर्ता गरिएको छ । उनीविरुद्ध दर्ता गरिएको एफआइआरको प्रतिलिपि उनले अहिलेसम्म प्राप्त गर्न नसकेको बताएका छन् ।

पवनले मिर्जापुर जिल्लाको जमालपुर विकासखण्डको प्राथमिक विद्यालयमा विद्यार्थीलाई दिउँसोको खाजामा नुनसँग रोटी खाइरहेको भिडियो बनाएका थिए । यो भिडियो सामाजिक सञ्जालमा भाइरल भएपछि स्थानीय प्रशासनको भूमिकामाथि गम्भीर प्रश्न खडा भएको थियो । उनले भने- 'केही दिनदेखि स्थानीय गाउँलेले स्कुलमा दिउँसोको खाजामा भइरहेको अनियमितताका विषयमा फोन गरेर जानकारी दिइरहेका थिए र मिडियाको माध्यमबाट प्रशासनसामु यो विषय लैजान आग्रह गरेका थिए ।'

पवनले भने- '२२ अगस्टमा पनि मलाई एक सुत्रबाट मलाई फोन आयो । स्कुल पुग्नुभन्दा पहिले नै मैले आधारभूत शिक्षा अधिकारीलाई यसबारेमा जानकारी दिएको थिए । म करिब १२ बजे स्कुल पुग्दा बच्चाहरु नुनसँग रोटी खाइरहेका थिए । मैले तत्काल भिडियो बनाए ।' उनले यो भिडियो जिल्लामा काम गर्ने एक पत्रकारलाई पठाए र सो भिडियोमा बच्चाले नुनसँग रोटी खाइरहेको देखिएको छ । सो भिडियो ती पत्रकारले जिल्ला अधिकारीलाई देखाएका थिए ।

भिडियो बाहिर आएपछि उनले अनुसन्धान गराए र दुई जनालाई तत्काल निलम्बन गरिदिए । पवनका अनुसार स्थानीय प्रशासनले पाँच पटक भिडियोका जाँच गर्दा पनि सही भेटे र छैठौं पटक जिल्ला विकास अधिकारी प्रियंका निरञ्जनले जाँच गरिन् । उनलाई जिल्ला विकास अधिकारीले लिखित उजुरी गर्न आग्रह गरेकी थिइन् । तर जवाफमा उनले भने- 'मैले उहाँलाई म पत्रकार भएको र आफ्नो काम समाचार लेख्ने भएकाले कुनै मुद्दाको पक्ष नबनाउन आग्रह गरे ।' जुन व्यक्तिले स्कुलमा अनियमितताको सूचना दिएका थिए । उनलाई पनि हिरासतमा लिइएको छ । उनका विरुद्ध आईपीसीको धारा १२० (आपराधिक षडयन्त्र) ४२० (धोखाधडी) र १९३ (झुठो सबुत) पेश गरेको आरोपमा एफआइआर दर्ता गरिएको छ । प्रहरीले चाँढै पक्राउ गर्ने भय उनमा छ ।

जिल्ला प्रशासनले गरेको अनुसन्धानमा पनि बच्चालाई नुनसँग रोटी खुवाएको कुरा बाहिर आएको छ । स्कुलमा खाजाको व्यवस्था गर्नु स्थानीय प्रधानको जिम्मेवारी हो । उनका प्रतिनिधिलाई स्कुलमा तरकारी नभएको जानकारी भएको भए भिडियो बनाउनुको साटो प्रधानलाई जानकारी गराउनु पर्दथ्यो । 'मिड डे मिल' केन्द्र सरकारको स्कुलमा बच्चालाई पौष्टिक भोजन उपलब्ध गराउने महत्वकांक्षी कार्यक्रम हो ।

यस अनुसार भारत भर प्राथमिक विद्यालयका बालबालिकालाई विद्यालयमा खान खुवाइन्छ । यसको उद्देश्य ग्रामीण क्षेत्रमा बच्चालाई कुपोषणको सिकार हुनबाट जोगाउनु पनि हो । जयसवालको भिडियो भाइरल भएपनि भारतको राष्ट्रिय मानवअधिकार आयोगले उत्तर प्रदेश सरकारले सूचना जारी गरेर सचेत गराएको छ ।

# चिप्स, फ्रेन्स फ्राई, ससेज खाँदा एक किशोरको दृष्टि गुम्यो

**झापा, भदौ १७।** बेलायतको ब्रिस्टोल निवासी एक १७ वर्षीय किशोरले चिप्स र क्रिप्समा मात्र निर्भर रहँदा आँखाको ज्योति गुमाएका छन् ।

बीबीसीका अनुसार किशोरले ठप्पै देख्न छाडेपछि उनी चिकित्सक कहाँ पुगेका थिए । त्यो समयसम्म उनको दृष्टि फर्काउन नसकिने गरी बिग्रिसकेको थियो । ती किशोरले प्राथमिक विद्यालय छाडेको बेलादेखि फ्रेन्स फ्राई, चिप्स र सेतो पाउरोटी मात्र खान्थे । त्यसबाहेक उनको खान्की भनेको ह्यामबर्गर अथवा ससेज पनि थियो ।

परीक्षणका क्रममा उनको शरीरमा चरम भिटामिन अभाव र कुपोषणले गर्दा हुने क्षति भएको देखिएको थियो । नाम उल्लेख नगरिएका ती किशोर १४ वर्षको उमेरमै थकित हुने र अस्वस्थ हुने समस्याका कारण चिकित्सककहाँ पुगेका थिए । परीक्षणबाट उनमा भिटामिन बी १२ को कमी देखिएको थियो ।

चिकित्सकले त्यो समय उनलाई सन्तुलिन आहारमा जोड दिन सिफारिस गरेका थिए । तर, उनले डाक्टरको सुझावलाई लत्याउँदै बजारको खानामात्र खाना जारी राखे । तीन वर्षपछि उनको आँखाको ज्योति धमिलो हुँदै गएपछि उपचारको लागि उनलाई ब्रिस्टोल आँखा अस्पताल लगियो ।

किशोरको उपचारमा संलग्न डा. डेनिज एटनले किशारेको समस्याबारे बताउँदै भनिन्- 'उसको दैनिक खाना भने कै चीप मात्र थियो । कहिलेकाहीँ पाउरोटी र ह्यामबर्गरका खाएको देखिन्छ । फलफूल र तरकारी त उनले खाएकै थिएनन् । किशोरले हामीलाई बताए अनुसार उसलाई धेरै जसो खाना हेर्न पनि मन पर्दैन थियो' -एटनले भनिन् ।

किशोरको शरीरमा भिटामिनको मात्रा परीक्षण गर्दा भिटामिन बी १२ को अतिरिक्त अन्य महत्वपूर्ण भिटामिनका अतिरिक्त कपर, सेलेनियम र भिटामिन डी जस्ता खजिनको अभाव देखिएको थियो । तर, उनको तौलमा पनि ठिक्क थियो, थोरै पनि होइन, धेरै पनि होइन । हेर्दा स्वस्थ देखिने शरीरमा भने पौष्टिकताको चरम अभाव देखिएको थियो ।

'उनको शरीरको हड्डीमा खनिज थिएन । उमेरको मानिसको लागि यो डरलाग्दो कुरा हो' -डा. एटनले भनिन् । उनको ज्योतिमा अहिले दृष्टिविहीन भन्न सकिनेस्तरमा ह्रास आएको छ । 'उनको आँखाको बीच भागमा कालो धब्बा देखिएको छ । अब उनले गाडी चलाउन सक्दैनन् । पढ्न, टिभी हेर्नका साथसाथै मानिसको अनुहारमा भिन्नता छुट्याउन कठिन हुन्छ' -डा. एटनले भनिन् ।

चिकित्सकहरुका अनुसार ती किशोरलाई भएकोजस्तो समस्या समयमै पहिचान भएमा उपचार सम्भव हुन्छ । तर, धेरै ढिलो भएमा भने आखाँका (अप्टिक) नर्भको नर्भ फाइबर मर्छ र क्षति स्थायी हुन्छ । डा. एटनका अनुसार यस्तो समस्या निकै थोरै मानिसमा देखिने भए पनि खाना मन नगर्ने सन्तान भएका अभिभावक सचेत हुनुपर्छ ।

# 'लभ यु हमेशा'मा यशराज र फिजाको प्रेम




त्रिकोणात्मक प्रेमकथामा आधारित भएर निर्माण भएको फिल्म 'लभ यु हमेशा' को शिर्ष गीत सार्वजनिक भएको छ । कात्तिक २२ गते नेपाल र कात्तिक १५ (नोभेम्बर १) मा भारतमा प्रदर्शन हुने फिल्मको गीतमा अभिनेता यशराज गरच र नव-अभिनेत्री फिजा योञ्जन प्रेमिल अवतारमा प्रस्तुत छन् ।

फिलिपिन्सको समुद्री तटमा खिचिएको गीतमा प्रताप दास र श्रेया सोताङको स्वर छ । भासुको शब्द र संगीत रहेको गीतको भिडियो कोरियोग्राफी भने रामजी लामीछानेले गरेका हुन् । गीतको अडियो कमजोर भए पनि भिडियो आकर्षक बनेको छ । यशराज र फिजाको केमेस्ट्री पनि सुहाएको देख्न सकिन्छ ।

यवन गुरूङको निर्माण रहेको फिल्म भारतको कालेबुङ, सिलगुडी, काठमाडौं र फिलिपिन्समा खिचिएको हो । भाष्कर प्रधान निर्देशत यस फिल्ममा यशराज र फिजाका साथमा ऋचा थापा, गोपाल ढकाल (छन्दे), करूणा श्रेष्ठ, निराजन मेहता, पिटी योल्मा, प्रमिला राई, सल्देन तामाङ लगायतका कलाकारको पनि अभिनय छ ।

शिव ढकालले खिचेको फिल्मको गीतमा भासुको संगीत, कमल राई र रामजी लामीछानेको कोरियोग्राफी र एनबी महर्जनका द्वन्द्व निर्देशन छ । रिच इन्टरटेन्मेन्टका करण श्रेष्ठले बितरण गर्ने फिल्ममा धर्मा क्रियशनको ब्यानरमा निर्माण भएको हो । मिलन गुरूङ फिल्मको सह-निर्मातामा रहेका छन् ।


UAE मा रोजगारीको अवसर

कम्पनी: AMANA STEEL BUILDINGS & CONTRACTING, LLC (DUBAI)

| सि.नं | कामदारको पद | माग संख्या महिला | माग संख्या पुरुष | मासिक तलब AED | कार्य समय | खान/बस्न | ओटी | करार |
|---|---|---|---|---|---|---|---|---|
| 1. | Ordinary Labour | | 100 | 1000 | ८ घण्टा २६ दिन | छ | क.नि.अ. | २ बर्ष |
| Note: साथै यसै कम्पनीमा | | | | | | | | |
| 1. | Gypsum Board Carpenter/ False Celling | | 50 | 1100/-to 1200/- | | | | |
| 2. | Auto Electrician (Heavy Equipment) | | 10 | 1500/- | | | | |
| 3. | Auto Electrician (Vehicles) | | 10 | 1500/- | | | | |
| 4. | Denter | | 10 | 1200/- | | | | |
| 5. | Mechanic-Diesel(Heavy Equipment) | | 10 | 1700/- | | | | |
| 6. | Mechanic-Diesel (Truck & Buses) | | 10 | 1700/- | | | | |
| 7. | Document Controller | | 10 | 1800/- | | | | |
| 8. | Mechanic-Petrol (Vehicles) | | 15 | 1700/- | | | | |
| 9. | Painter (Spray) | | 10 | 1400/- | | | | |
| 10. | Power Electrician (Generators & Power) | | 10 | 1700/- | | | | |
| | Workshop Foreman Petrol &Diesel | | 10 | 2300/- | | | | |

फाइनल अन्तर्वार्ता कम्पनीको प्रतिनिधिबाट भदौ २० गते शुक्रबार (06 September 2019) विर्तामोड झापामा हुदैछ ।

Fewa HR Solutions Pvt. Ltd.
Kathmandu
श्रम इजाजत नं. १६६१/०७४/०७५
झापा सम्पर्क: ९८५१०१६८०९, ९८०४९६१४१४, ९८५२६७४८०९, ९८०७९६३७९७, ९८०७९६३७९५

UAE को अवुधावीमा PSBD Security गार्डमा महिला तथा पुरुषको आवश्यकता

कम्पनी : SECURI GUARD MIDDLE EAST, UAE शहर : ABU DHABI
पूर्व स्वीकृति मिति : २०७६/०३/१३ चलानी नं. ६०१४१२८० L.T. NO. 221678

| कामदारको पद | माग संख्या पुरुष | मासिक तलब AED | मासिक तलब नेरू. | ओ.टी./ बार्षिक बिदा | कार्य समय | खान/बस्न सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|
| Security Guard | 200 | 2000 | ६०, 000 | क.नि. अनुसार | ८ घण्टा ६ दिन | छ | २ बर्ष |

पूर्व स्वीकृति मिति : २०७४/०६/२२ चलानी नं. ६०११८३६८ L.T. NO. 196877
पुन : पूर्व स्वीकृति मिति : २०७६/०३/०९ चलानी नं. ३०६०

| कामदारको पद | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब नेरू. | ओ.टी./ बार्षिक बिदा | कार्य समय | खान/बस्न सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|
| Security Guard | 175 | 2000 | ६०, 000 | क.नि. अनुसार | ८ घण्टा ६ दिन | छ | २ बर्ष |

नोट : उचाई : महिलाको हकमा ५ फिट भन्दा माथि र पुरूषको हकमा ५ फिट ७ इन्च भन्दा माथि हुनुपर्नेछ ।
कम्तीमा एसएलसी पास गरेको र राम्रोसंग अंग्रेजी लेख्न, बोल्न र पढ्न सक्ने हुनुपर्नेछ ।
अर्न्तवार्तामा आउँदा सक्कल राहदानी, योग्यता तथा अनुभवका प्रमाणपत्र लिएर आउनु पर्नेछ ।

APPROBLE READY भएकाले २० दिन भित्रमा भिषा प्राप्त हुनेछ ।

फाइनल अर्न्तवार्ता सम्बन्धित कम्पनीको प्रतिनिधिबाट भदौ ३० गते (16 Sept. 2019) मा होलिडे होम बिर्तामोड, झापामा हुनेछ ।

सन लाइट ह्युमन रिर्सोस प्रा.लि.
Lic No. 689/063/064
सामाखुसी-२९, सामाखुसी टाउन, प्लानिङचोक, काठमाडौं फोन ०१-४३८४८८
मोवाइल नं. 9801408283, 9801033974, 9802070510, 9801033977, 9801033975, 9801023813